# गैर आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा भित्र्याउने सम्बन्धमा अध्ययन गर्न गठित समितिको अध्ययन प्रतिवेदन

**अध्ययन समितिका सदस्यहरु**

संयोजक, श्री सुजन कुमार काफ्ले
(बोर्ड सदस्य, नेपाल धितोपत्र बोर्ड)

सदस्य श्री भोलानाथ ढुंगाना,
(विज्ञ सदस्य, नेपाल धितोपत्र बोर्ड)

सदस्य, श्री मुक्तिनाथ श्रेष्ठ,
(कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड)

सदस्य सचिव श्री दीपा दाहाल,
(उप कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड)

# विषय सूची


१. पृष्ठभूमी ........................................................................................ १

२. नेपालको धितोपत्र बजार तथा संरचनात्मक आधारहरु........................................ ३

३. गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा प्रवेश गराउने सम्बन्धमा बोर्डबाट भएका अध्ययनहरु........................................................................................ ५

४. गैर आवासीय नागरिकको स्वदेशी धितोपत्र बजारमा लगानीको सम्बन्धमा अन्य देशका अभ्यासहरु........................................................................................ ७

(क) भारत........................................................................................ ७
(ख) बंगलादेश........................................................................................ ८
(ग) श्रीलंका........................................................................................ ९
(घ) भियतनाम........................................................................................ १०

५. गैर आवासीय नेपाली सम्बन्धमा विद्यमान कानूनी व्यवस्था.................................... ११

(१) नेपालका संविधान........................................................................................ ११
(२) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५.............................. ११
(३) गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४........................................ १२
(४) मुलुकी देवानी संहिता ऐन, २०७४.................................................. १५
(५) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९........................................ १५
(६) नेपाल धितोपत्र बोर्डको निर्देशिकामा गैर आवासीय नेपालीको लागि रहेका नियम कानुनहरु........................................................ १७

६. विद्यमान नीतिगत एवं कानुनी अड्चनहरु........................................................ १८

७. गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा लगानीको अवसर प्रदान गर्दा हुने अवसर तथा चुनौतीहरु........................................................................................ १९

८. निष्कर्ष तथा सुझाव........................................................................................ २१

(क) नीतिगत सुझाव ........................................................................................ २३
(ख) प्रकृयागत सुझाव........................................................................................ २७

९. अनुसूची १........................................................................................ २९

## १. पृष्ठभूमी :

धितोपत्र बजारको नियमन, सुधार तथा विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने उद्देश्यले नेपाल सरकारको पुँजी बजारको नियमन निकायको रुपमा बि.सं. २०५० सालमा नेपाल धितोपत्र बोर्डको स्थापना गरिएको हो । तत्पश्चात् धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुँजीबजारको नियमन र सुपरिवेक्षण गर्दै आएको छ । बि.सं. २०७४ देखि बस्तु विनिमय बजार सम्बन्धी ऐन लागू भए पश्चात् वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत धितोपत्र बोर्डमा नै आएको छ । धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई स्वच्छ, पहुँचयोग्य र विश्वसनीय बनाउन, लगानीकर्ताको हित संरक्षण गर्ने, बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने तथा बजारको प्रणालीगत जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले बोर्डले समयसापेक्ष रुपमा बिभिन्न विभिन्न नियम कानूनहरु बनाई सो अनुसार बजार नियमन तथा सुपरिवेक्षण गर्दै आएको छ ।

स्थापनाको पहिलो दशक (बि.सं.२०५०-२०५९) धितोपत्र बजारको कानुनी तथा नियमनकारी संरचनालाई सुदृढ बनाउन बोर्डको ध्यान केन्द्रित भयो । उक्त अवधिमा प्राथमिक र दोस्रो बजारका गतिविधिहरु पनि बढ्दै गयो । स्थापनाको दोश्रो दशक (बि.सं. २०६०-२०६९) मा धितोपत्र बजारमा आवश्यक पूर्वाधारहरुको विकास गरी बजारलाई अन्तर्राष्ट्रियस्तर उन्मुख बनाउनेतर्फ बोर्ड केन्द्रीत रह्यो । यस अवधिमा नेपालको पूँजी बजारमा धितोपत्र कारोबारको खुला बोलकबोल प्रथा प्रतिस्थापित भई अर्ध-स्वचालित (Semi-Automated) कारोबार प्रणालीको शुरुवात भएको, धितोपत्रकको केन्द्रीय निक्षेप कम्पनीको स्थापना भई बजार अभौतिकिकरण (Dematerialization) तर्फ क्रमशः उन्मुख भएको, क्रेडिट रेटिङ संस्थाको स्थापना भएको, सामूहिक लगानी कोष सञ्चालनमा आएको जस्ता बजार पूर्वाधारहरुमा पूँजी बजारले फड्को लियो ।बोर्ड स्थापनाको तेश्रो दशक (बि.सं. २०७०-२०७९) अर्थात् २०७० साल देखि हालसम्मको अवधिमा ल्नेपालको धितोपत्र बजारमा भएको विकासलाई बजार आधुनिकीकरणको चरणको रुपमा लिन सकिन्छ ।

यस अवधिमा बजारमा धितोपत्रको पूर्ण अभौतिक कारोबार हुने व्यवस्था, नेप्सेको कारोबार प्रणालीमार्फत् अनलाईनबाट कारोबार हुने व्यवस्था, कम्पनीहरुले प्रिमियम मूल्यमा तथा थप निष्कासनमा सेयर जारी गर्न सक्ने व्यवस्था, प्राथमिक सार्वजनिक निष्कासनमा आस्वा (ASBA) प्रणालीको व्यवस्था, प्राइभेट इक्विटी, भेञ्चर फण्ड जस्ता संस्थाहरुको बजार प्रवेश, बुक बिल्डङ्ग विधिको सुरुवात, T+2 को नीतिगत व्यवस्था, मर्जरमा गएका कम्पनीहरुले आफ्नो कम्पनीको धितोपत्रको दोस्रो बजारमा हुने कारोबार १५ दिनभन्दा बढी रोक्का राख्न नमिल्ने व्यवस्था, बैदेशिक रोजगारीमा गएका नेपाली नागरिकलाई सार्वजनिक शेयर निष्काशनमा दश प्रतिशत शेयर आरक्षणको व्यवस्था, बजार विस्तारका लागि बस्तु विनिमय बजारको

स्थापना र लगानीकर्ताको वृद्धिसंगै थप धितोपत्र व्यवसायीहरु (दलाल) थप गर्ने व्यवस्थाहरु भए । समग्रमा भन्नुपर्दा धितोपत्र बोर्ड यस दशकमा पूंजीबजार विस्तार एवं आधुनिकिकरणको पथमा थुप्रै कानुनी व्यवस्थाहरुको विकास एवं संशोधन मार्फत् प्रभावकारी कार्यान्वयनको लागि सक्रिय रहेको छ ।

नेपालको धितोपत्र बजारलाई प्रविधिमैत्रीं, लगानीमैत्रीं एवं देशव्यापी बनाउने क्रममा धितोपत्र बोर्डबाट तीन दशकमा माथि उल्लेख भए बमोजिमका महत्वपूर्ण कामहरु भएतापनि धितोपत्र बजार शहर केन्द्रीत रहनु, धितोपत्रको दोस्रो बजारमा लगानीका उपकरणहरु थप गरी विवधिकरण ल्याउन नसक्नु, धितोपत्र बजार पूर्ण प्रविधिमैत्री हुन नसक्नु, बैंक खाता तथा डिम्याट खातालाई कारोबार खातामा एकिकृत गरी प्रत्येक कारोबार पश्चात् स्वतः समायोजन हुने व्यवस्था गर्न नसक्नु र विश्व पूँजी बजारले अंगिकार गरेको धितोपत्रमा बाह्य पूँजी लगानीलाई नेपालको धितोपत्र बजारमा प्रवेश गराउन नसक्नु जस्ता कमजोरीहरु पनि तेस्रो दशकसम्म आइपुग्दा धितोपत्र बोर्डको रह्यो ।

वर्तमान समयमा नेपालको धितोपत्र बजारको प्राथमिक तथा दोस्रो बजारमा नेपाली नागरिकहरुले मात्र लगानी गर्न पाउने कानुनी व्यवस्था रहेको छ । विगत केही समयदेखि वैदेशिक लगानीलाई समेत पूंजी बजारमा भित्र्याउनुपर्ने माग बजारमा आईरहेको छ । अझ धितोपत्र बजार गैर आवासीय नेपालीहरुको लागि खुला गर्नुपर्ने आवाजहरु धेरै सुनिंदै आइएको छ । विश्वका कैयौ मुलुकले गैर आवासीय नागरिकका लागि छुट्टै नियम बनाई प्रोत्साहन गरिरहेको पाइन्छ । उदाहरणका लागि बंगलादेशमा सरकारले गैर आवासीय नागरिकका लागि धितोपत्रको सार्वजनिक निष्काशनमा १० प्रतिशत आरक्षणको व्यवस्था गरेको देखिन्छ । नेपाल कृषि प्रधान देशबाट आयातमुलक देशमा रुपान्तरण भईसकेको वर्तमान परिप्रेक्ष्यमा सरकारले विदेशी मुद्रा संचितिको नयाँ श्रोतको खोजी गरिरहंदा गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा ल्याउन सके यसबाट समग्र अर्थतन्त्रमा वैदेशिक लगानीको श्रोत थपिन सक्ने देखिन्छ । यसैकारण, नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० को बजेट मार्फत धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरुको लगानी खुला गर्ने कानूनी व्यवस्था मिलाइने भनी घोषणा गऱ्यो । यसै नीतिलाई निरन्तरता दिंदै सरकारले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा “एनआरएनलाई सेयर बजारमा सूचिकृत भएका हाईड्रोपावर तथा अन्य वास्तविक क्षेत्रका कम्पनीहरुमा लगानी गर्ने बाटो खुला गर्ने तथा गैर आवासीय नेपालीको पूँजी, प्रविधि र अनुभवलाई राष्ट्रिय विकासमा परिचालन गर्ने” भन्ने व्यवस्था घोषणा भएको छ ।

हालै मात्र धितोपत्र बोर्डले बैदेशिक रोजगारीमा गएका नेपालीहरुलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत शेयर आरक्षित गरी बैदेशिक रोजगारीमा गएका नेपालीहरुलाई धितोपत्र बजारमा प्रवेश गराएको छ । विश्व बजारले पूंजीबजारमा गरेका असल अभ्यासहरुलाई नेपाली पूंजी बजारमा क्रमशः लागू

गरी विदेशी लगानीकर्तालाई बजारमा प्रवेश गराउने महत्वपूर्ण चुनौती बोर्ड समक्ष छ । नेपालमा समेत चरणवद्ध रुपमा सर्वप्रथम गैर आवासीय नेपाली तथा क्रमशः विदेशी संस्थागत लगानीकर्ताहरुलाई धितोपत्रको बजारमा प्रवेश गराउने र सोही अनुसार स्टक एक्सचेन्जको दक्षता अभिवृद्धि गरी प्रविधि तथा लगानी भित्र्याई बजारको प्रतिस्पर्धात्मक तथा व्यवसायिक क्षमता अभिवृद्धिमा बोर्ड अगाडि बढ्नु पर्ने देखिन्छ ।

## २. नेपालको धितोपत्र बजार तथा संरचनात्मक आधारहरु :

नेपालको धितोपत्र बजारको संरचनात्मक आधारहरु देहाय बमोजिम रहेको छ ।

### (क) नेपाल स्टक एक्सचेञ्ज लि. :

नेपाल स्टक एक्सचेञ्ज लि.(नेप्से)ले संस्थागत धितोपत्रहरु तथा सरकारी ऋणपत्रलाई तरलता प्रदान गर्नुका साथै सो को निर्वाध खरिद विक्री सुविधा प्रदान गर्ने नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त हालसम्म एक मात्र धितोपत्रको दोस्रो बजार हो । नेप्सेले संगठित संस्थाहरुले निष्काशन तथा बाँडफाँड गरी सूचीकरण भएका धितोपत्रहरुको विनिमय कारोबारमा सघाउ पुऱ्याउँदछ । नेपालमा वि.स. २०३३ सालमा सेक्युरिटी खरिद बिक्री केन्द्र स्थापना भएपछि सरकारी ऋणपत्रको दैनिक खरिद विक्रीको व्यवस्थाबाट धितोपत्र बजारको संस्थागत विकासको शुरुवात भएको हो । उक्त केन्द्रलाई २०५० सालमा नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से) को रुपमा रुपान्तरण गरिएको थियो र हालसम्म पनि यो संस्था सरकारी स्वामित्वको रुपमा रहेको छ । हाल नेप्से धतोपत्र  बजार संचालन नियमावली २०६४ बमोजिम संचालित छ ।

### (ख) सिडिएस एण्ड क्लियरिङ्ग लि. :

धितोपत्रको केन्द्रीय निक्षेप र राफसाफ तथा फछ्यौंट सेवा सञ्चालनका लागि वि.सं. २०६७ सालमा नेपाल स्टक एक्सचेञ्ज लि. को पूर्ण स्वामित्वको सहायक कम्पनीको रुपमा सिडिएस एण्ड क्लियरिङ्ग लि स्थापना भएको हो । हाल सिडिएस एण्ड क्लियरिङ्ग लि. मा ५५ लाख डिम्याट खाताहरु संचालनमा रहेका छन् । यसले नेपाल स्टक एक्सचेञ्ज लि. मार्फत संचालन रहेको दोस्रो बजारको राफसाफ तथा फछ्यौंट सेवा, हितग्राहीको खातामा प्रत्यक्ष रुपमा धितोपत्रहरु अभौतिकरण गरी जम्मा गर्ने, निष्काशनकर्ताहरुलाई प्राथमिक निष्काशन तथा संस्थागत गतिविधि तथा लाभहरुको छिटो छरितो वितरण गर्ने र निष्काशनकर्ताहरुको धितोपत्रको हिसाब मिलान सेवा प्रदान गर्ने तथा अद्यावधिक विवरण उपलब्ध गराउने जस्ता सेवाहरु प्रदान गर्दै आएको छ । सिडिएससि नेपालको एक मात्र धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी हो ।

### (ग) क्रेडिट रेटिङ्ग कम्पनी :

नेपालमा क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त गरी हाल ३ वटा कम्पनीहरु सञ्चालनमा रहेका छन् । क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम कम्तिमा तीन करोड रुपैयाँ भन्दा बढी मूल्यको

सेयरको सार्वजनिक तथा हकप्रद सेयर निष्काशन, ऋणपत्र निष्काशन, अग्राधिकार सेयर निष्काशन, थप निष्काशनहरुको क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल राष्ट्र बैकबाट बैक तथा वित्तीय संस्थाहरुले रु.पचास करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा वा नवीकरण गर्दा सो संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने व्यवस्था गरिएको छ ।

**(घ) सामूहिक लगानी कोष :**

सामूहिक लगानी कोष भन्नाले विभिन्न व्यक्ति वा संस्थाहरुको सहभागिता रहने गरी परिचालन गरिएको बचत लगानी रकमलाई आफ्नो जिम्मामा लिई सोको दक्ष लगानी सेवाद्धारा प्राप्त भएको प्रतिफल सम्बन्धित कार्यक्रमका सहभागीहरुलाई समानुपातिक रुपले वितरण गर्न धितोपत्र ऐन बमोजिम योजना व्यवस्थापकले संचालन गरेको लगानी कोष, एकांक कोष वा अन्य सहभागितामूलक कोष व्यवस्थापन कार्यक्रमलाई सामूहिक लगानी कोष भनिन्छ । हाल नेपालमा अठार (१८) वटा कोष दर्ता भई विभिन्न बन्दमुखी तथा खुलामुखी योजनाहरु संचालन गरिरहेका छन्।

**(ङ) मर्चेण्ट बैंकर :**

धितोपत्रको प्राथमिक निष्काशन कार्य प्रबन्धको जिम्मा लिने, धितोपत्रको प्रत्याभूति गर्ने, धितोपत्रको सेयर रजिष्ट्रेशन गर्ने, धितोपत्र लगानी व्यवस्थापन कारोबारको लागि दरखास्त संकलन एंव वितरण जस्ता कार्यहरु गर्ने तथा संस्थागत परामर्शदाताको रुपमा कार्य गर्ने गरी बोर्डवाट अनुमति प्राप्त संस्थालाई मर्चेन्ट बैंकर भनिन्छ । हाल नेपालमा ३० वटा मर्चेन्ट बैंकले सेवा प्रदान गरिरहेका छन् ।

**(च) धितोपत्र दलाल (ब्रोकर) :**

ग्राहकको आदेश अनुसार ग्राहकको नामवाट मात्र धितोपत्र खरिद वा विक्री गरी धितोपत्र दलाली सेवा प्रदान गर्ने कार्य गर्न धितोपत्र व्यवसायीको रुपमा बोर्डवाट अनुमति प्राप्त कम्पनीलाई धितोपत्र दलाल व्यवसायी भनिन्छ । हाल नेपालमा ५७ वटा धितोपत्र दलाल व्यवसायी कार्यरत रहेका छन् । थप ब्रोकरहरुको स्वीकृतिको प्रक्रिया अगाडि बढेको छ ।

**(छ) निक्षेप सदस्य :** निक्षेप सदस्य भनेको केन्द्रीय निक्षेप कम्पनीसँग सदस्यता लिएका धितोपत्र व्यवसायी वा संगठित संस्थालाई जनाउँदछ । लगानीकर्ताहरुले आफ्नो हितग्राही खाता निक्षेप सदस्यता लिएका संस्थाहरुमा गई खोल्न सक्दछन । हाल धितोपत्र बजारमा ८० वटा निक्षेप सदस्य कार्यरत छन् ।

**(ज) आस्वा सदस्य :**

आस्वा सदस्यले अनलाईनमार्फत सेयर भर्न सक्ने व्यवस्था गरेको अवस्थामा अनलाईन मार्फत समेत आवेदन गर्न सक्छन् । सार्वजनिक रुपमा निष्काशन भएका धितोपत्र निष्काशन गरिने अवधिमा आस्वा

प्रणालीमा आवद्ध रहेका बोर्डबाट अनुमतिपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा आवेदकको खाता रहेको अवस्थामा उक्त बैंक तथा वित्तीय संस्थामा गई खातामा रहेको रकम रोक्का राखी आवेदन गरी खरिद गर्न सकिन्छ ।

(झ) **विशिष्टीकृत लगानी कोष :**

प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड जस्ता विशिष्ट प्रकृतिका संस्थाहरुलाई धितोपत्र बजारमा प्रवेश गराई स्वदेशी तथा विदेशी पुँजी परिचालन गर्ने कार्यको नियमन गर्न वि.सं.२०७५ फागुने देखि विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू गरिएको थियो । हालसम्म बजारमा १२ वटा वशिष्टीकृत लगानी कोषहरुलाई बोर्डले अनुमति पत्र प्रदान गरिसकेको छ ।

धितोपत्र बजार सहभागीहरुको सम्बन्धमा विस्तृत विवरण **अनुसूची १** मा उल्लेख गरिएको छ ।

## ३. गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा प्रवेश गराउने सम्बन्धमा बोर्डबाट भएका अध्ययनहरु :

गैर आवासीय नेपालीहरुलाई नेपालको धितोपत्र बजारको दोस्रो बजारमा कारोबारका लागि खुल्ला गर्ने सम्बन्धमा बोर्डबाट केही भएका अध्ययनहरु भएको देखिन्छ । सो अध्ययनका सम्बन्धमा संक्षिप्तमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा प्रवेश गराउने उद्देश्य सहित आ.व. ०७५।७६ मा नियमन विभागका कार्यकारी निर्देशकको संयोजकत्वमा एक अध्ययन समिति गठन भई केही कार्य भएतापनि सो समितिबाट प्रतिवेदन पेश भएको अभिलेखमा देखिएन ।

- बोर्डबाट आ.व. २०७७।७८ मा गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा प्रवेश गराउने सम्बन्धमा अध्ययन गर्न नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक श्री लक्ष्मीप्रपन्न निरौलालाई जिम्मा दिइएको थियो । निजले पेश गरेको प्रतिवेदनमा गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४,विदेशी विनियम ( नियमित गर्ने) ऐन, २०१९ र मुलुकी देवानी संहिता ऐन, २०७४ को दफा ४३२ र ४३३ का कानुनी प्रवधानहरुको अन्तर्गत रही धितोपत्र बोर्डले केही नीतिगत व्यवस्था गरी गैर आवासीय नेपालीलाई नेपालको धितोपत्र बजारमा लगानी गर्ने अनुमति प्रदान गर्न सकिने उल्लेख भएको छ । प्रतिवेदनले नीतिगत व्यवस्था तर्फ बोर्डलाई धितोपत्र कारोबार गर्नुपूर्व केही प्रकृयागत व्यवस्था मिलाउन सुझाव दिएको छ । साथै गैर आवासीय नेपालीले स्वदेशी मुद्रामा बैंक खाता खोल्ने सम्बन्धी व्यवस्था, डिम्याट खाता खोल्ने व्यवस्था, ग्राहक पहिचान सम्बन्धी व्यवस्था, इच्छाएको व्यक्ति वा कानूनी उत्तराधिकारी खुलाउनु पर्ने व्यवस्था, लगानी सम्बन्धी परिमाणात्मक बन्देज, छोटो अवधिको कारोबार सम्बन्धी

व्यवस्था, धितोपत्रमा लगानी गरेको मुनाफा रिप्याट्रिएसन गर्ने तथा खरिद गरेको धितोपत्रको Locking Period को व्यवस्थाका सम्बन्धमा बुँदागत रुपमा सुझाव प्रस्तुत गरेको छ। उक्त प्रतिवेदनको निष्कर्ष देहाय अनुसार रहेको देखियो ।

- नेपालको धितोपत्र बजारमा लगानी गर्न चाहने गैर आवासीय नेपालीले ६ महिना भन्दा बढी अवधिले म्याद कायम रहेको एनआरएन परिचयपत्र, पासपोर्ट वा आवासीय अनुमति (भीसा) को प्रतिलिपीको आधारमा डिम्याट खाता तथा बैंकमा स्वदेशी मुद्रामा गैर आवासीय बाह्य खाता खोल्ने र डिम्याट खाता तथा गैर आवासीय बाह्य खाता बीच लिंक हुनुपर्ने । साथै धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त दलालको कार्यालयमा व्यापार खाता खोल्नु पर्ने ।

- धितोपत्र दलालले गैर आवासीय नेपालीको ६ महिना अवधिभन्दा बढीले म्याद कायम रहेको एनआरएन परिचयपत्र, पासपोर्ट वा आवासीय अनुमति पत्र (भीसा) को प्रतिलिपी लिई खाता खोलिदिने व्यवस्था गर्नुपर्ने । साथै, एकलाख अमेरिकी डलरभन्दा बढी लगानी गर्ने लगानीकर्ताले धितोपत्र बोर्डको स्वीकृति लिई "क" वर्गको बैंङ्कमा आफै वा आफ्नो आधिकारिक प्रतिनिधि मार्फत प्रत्यक्ष उपस्थित भई चल्ती वा बचत प्रकृतिको गैर आवासीय बाह्य खाता खोल्न सक्ने । उक्त खाताबाट रकम झिक्नु पर्दा वा विप्रेषण गर्नु पर्दाको बखत एक पटक लगानीकर्ता स्वयं वा आफ्नो आधिकारिक प्रतिनिधि अनिवार्य हुनु पर्ने ।

- गैर आवासीयले स्थायी लेखा नम्बर लिनुपर्ने । १ लाख डलर भन्दा बढी लगानी गर्नुपर्ने भएमा धितोपत्र बोर्डको पूर्वस्वीकृति लिनुपर्ने साथै बोर्डले पनि यसको जानकारी नेपाल राष्ट्र बैंकलाई जानकारी गराउनुपर्ने । साथै नेपाल स्टक एम्सचेन्जको दोस्रो बजारमा कारोबार गर्न अधिकतम पांच लाख अमेरिकी डलर सम्म सोझै लगानी गर्न सकिने तथा यो रकम नेपाल ल्याउँदा राष्ट्र बैकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्था मार्फत् ल्याउनु पर्ने ।

- गैर आवासीय नेपालीलाई मर्चेन्ट बैंकहरुले सञ्चालन गरेका म्यचुअल फण्डमा अधिकतम अमेरिकी दश लाख डलरसम्म लगानी गर्न सक्ने व्यवस्था गर्ने । साथै, सुचीकृत हुने वा भएको कम्पनीमा चुक्ता पूंजीको दश प्रतिशतसम्म लगानी गर्न सकिने । छोटो अवधिको कारोबार सम्बन्धी व्यवस्था अन्तर्गत दोश्रो बजारबाट शेयर खरिद गरी खरिद गरेका शेयर खातामा आएको दुई कार्यदिन पछि मात्र बिक्री गर्न पाउने व्यवस्था मिलाउने ।

- धितोपत्रमा लगानी गर्नका लागि रकम नेपाल भित्र्याई खरिद वा लगानी गरेको मितिले ३ वर्ष Locking Period पछि मात्र लगानी रकम फिर्ता लैजान सकिने व्यवस्था मिलाउने । साथै इच्छाएको व्यक्ति वा कानूनी उत्तराधिकारी खुलाउनु पर्ने व्यवस्थामा गैर आवासीयले कुनै बैंक

खाता खोल्दा वा खाता खोल्दा आफ्नो शेष पछिको इच्छाएको व्यक्ति वा कानूनी उत्तराधिकारीको परिचय खुल्ने नाम र ठेगाना अनिवार्य खुलाउनुपर्ने व्यवस्था गर्ने । साथै, नेपाल राष्ट्र बैंकबाट विदेशी विनिमय कारोबारका लागि इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुमा आवासीय बाह्य खाता मा प्राप्त भएको विदेशी मुद्राको विवरण मासिक रुपमा धितोपत्र बोर्डलाई विद्युतीय माध्यमबाट जानकारी गराउनु पर्ने नीतिगत व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्नु पर्ने ।

- धितोपत्र बोर्डबाट प्राप्त इजाजतपत्रप्राप्त दलाल कहाँ खोलिएको व्यापार खाता को कारोबारको विवरण दलालले बोर्डलाई र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई त्रैमासिक रुपमा जानकारी गराउनु पर्ने । साथै, धितोपत्र बोर्डबाट इजाजतपत्रप्राप्त मर्चेन्ट बैंकहरुले गैर आवासीय नेपालीहरूले गरेको लगानीको विवरण त्रैमासिक रुपमा बोर्डलाई दिनु पर्ने ।

## ४. गैर आवासीय नागरिकको स्वदेशी धितोपत्र बजारमा लगानी सम्बन्धमा अन्य देशका अभ्यासहरु :

### (क) भारत[१] :

भारतमा गैर आवासीय भारतीयहरुले प्राथमिक तथा दोस्रो बजार दुवैमा लगानी गर्न सकिने प्रावधान रहेको देखिन्छ । यसका लागि भारतको धितोपत्र बजारको नियामक निकाय SEBI तथा केन्द्रीय बैंक RBI दुवैले गैर आवासीय भारतीयहरुले लागि नियमहरु तोकेको पाइन्छ । गैर आवासीय ले भारतमा दोस्रो बजारमा रिप्याट्रिएसन वा नन् रिप्याट्रिएसन गर्ने गरी लगानी गर्न सक्ने देखिन्छ । धितोपत्रको दोस्रो कारोबार गर्न गैर आवासीय भारतीयले सर्वप्रथम तहांको केन्द्रिय बैंकले निर्धारण गरेको कस्टोडिएन (custodian) बैंकमा PIS (Portfolio Investment Scheme) मा दर्ता हुनुपर्ने, साथै बाणिज्य बैकंमा NRE (Non-Residential External) अथवा NRO (Non-Residential Ordinary) खाता खोल्नुपर्ने व्यवस्था छ । केन्द्रीय बैंकले कस्टोडिएन बैंकको केही शाखाहरुलाई गैर आवासीयका लागि PIS सञ्चालनको अनुमति प्रदान गरेको देखिन्छ । तत्पश्चात कुनै धितोपत्र दलाल मार्फत् NRI डिम्याट खाता तथा NRI ट्रेडिङ्ग खाता खोली NRE/NRO खातासंग आवद्य गरी दोस्रो बजारमा कारोबार हुने गरेको देखिन्छ । PIS खातालाई गैर आवासीयहरुको डिम्याट तथा ट्रेडिङ्ग खाता सबैसंग आवद्य गरिन्छ जसलाई तहांको केन्द्रिय बैंकले नियमित निगरानी गर्ने गरेको पाइयो । गैर आवासीयले कारोबार गरेपछि T+2 मा राफसाफ पश्चात

---

[१] सन्दर्भ स्रोत : www.sebi.gov.in, www.rbi.org.in, www.nseindia.com, www.mea.gov.in

दलालहरुले प्रचलित कमिशन तथा करहरु कट्टा गरेपश्चात्को रकम NRE खातामा जम्मा हुने र उक्त खातामा जम्मा भएको रकम प्रचलित विनिमय दरमा गैर आवासीय व्यक्तिले विप्रेषण गर्न सक्ने देखिन्छ । गैर आवासीय भारतीयहरुले NRO खाता खोलेर मात्र समेत दोस्रो बजारमा कारोबार गर्न सक्ने देखिन्छ । तर यस खाताबाट सजिलै रिप्याट्रिएसन को सुविधा उपलब्ध गराइएको छैन । गैर आवासीयहरुको भारतमा कुनै अन्य आम्दानी जस्तै घरभाडा, व्याज वा अन्य कुनै किसिमको आम्दानी छ अथवा उनीहरुले भारतमा नै लगानी गरिरहने प्रयोजनका लागि हो भने NRO खाता मार्फत कारोबार गर्न पाउने व्यवस्था छ । यो आम्दानी उनीहरुले सहजै विदेश लैजान पाउने देखिंदैन । यस प्रकारको खाता प्रयोग गरी गैर आवासीयले दोस्रो बजारमा कारोबार गर्छ भने भारतीय केन्द्रिय बैंकले बार्षिक १० लाख भा.रु. भन्दा बढी विप्रेषण गर्न नमिल्ने नियम तोकेको पाइयो ।

गैर आवासीय भारतीयहरुले भारतमा PIS, NRE/NRO खाता खोल्न आवश्यक कागजातहरु स्वयंले विद्युतीय माध्यमबाट बुझाउनुपर्ने प्रावधान रहेको देखिन्छ । यो चरणमा Power of Attorney मार्फत् कसैलाई प्रतिनिधि तोक्न मिल्ने देखिंदैन ।  KYC को थप प्रमाणिकरणका लागि अनलाइन बाहेक व्यक्तिगत तवरमा केही कागजातहरु आवश्यक परेको खण्डमा Indian Embassy /Consulate General, Notary Public, Court मार्फत प्रमाणित गरेको हुनु पर्ने नियम रहेको पाइयो । गैर आवासीयले Portfolio Management Schemes(PIS) मा समेत लगानी गर्न सक्ने र सोका लागि न्यूनतम लगानी ५० लाख भा.रु.रहेको देखियो । भारतमा धितोपत्रको नियामक निकाय Securities Exchange Board of India (SEBI) ले गैर आवासीयले गर्ने लगानीमा पाँच प्रतिशत (कम्पनीको चुक्ता पूँजीको ) अधिकतम सीमा निर्धारण गरेको छ जसको अनुगमन केन्द्रीय बैंकबाट दैनिक रुपमा हुने देखिन्छ। यदि कुनै गैर आवासीयको लगानीको माथिल्लो सीमामा पुगेको खण्डमा केन्द्रिय बैंकले प्रेस रिलिज मार्फत् जानकारी गराउने गरेको देखियो । गैर आवासीयको हकमा नियामकबाट केही बन्देजहरु रहेको पाइयो जसमा Intraday कारोबार गर्न नपाइने, Buy Today Sell Tomorrow कारोबार गर्न नपाइने डिम्याट खातामा धितोपत्र प्राप्त नभएसम्म कारोबार गर्न पाइने तथा कमोडिटिज बजारमा कारोबार गर्न नपाइने आदि व्यवस्थाहरु रहेका छन ।

**(ख) बंगलादेश[२] :**

गैर आवासीय बंगलादेशीहरुले बंगलादेशमा प्राथमिक तथा दोस्रो बजार दुवैमा कारोबार गर्न सक्ने देखियो। बंगलादेशमा गैर आवासीयहरुलाई प्राथमिक निष्काशनमा दश प्रतिशत धितोपत्र आरक्षण छुटयाउनुपर्ने नियम रहेको पाइयो । यसका लागि Foreign Currency Account for IPO खोली सोही खाताबाट

[२] सन्दर्भ स्रोत : ( www.dblsecurities.com foreign-investment/ Dhaka Bank Securities, Subsidy of Dhaka Bank Limited)

आवेदन गर्नुपर्ने प्रावधान रहेको र यदि अधिक निवेदन परेको खण्डमा रकम विप्रेषण गर्न सकिने देखियो । गैर आवासीयहरुले बंगलादेशको दोस्रो बजारमा कारोबार गर्नका लागि सर्वप्रथम बैंकमा Foreign Currency Account तथा NON resident taka account (NITA) खोली सिधै धितोपत्र दलाल मार्फत कारोबार गर्न सक्ने पाइयो । तर बंगलादेशमा प्रचलित मोडलमा गैर आवासीयहरुले कस्टोडिएन बैंक (Custodian Bank) मार्फत कार्य गर्ने गरेको देखिन्छ जसमा कुनै कस्टोडिएन बैंकसंग संझौता गर्ने र यही कस्टोडिएनले ग्राहकको तर्फबाट दलालसंग संझौता गर्ने र डिम्याट खाता तथा ट्रेडिङ्ग खाता समेत खोल्ने कार्य गर्ने गरेको पाइयो । तत्पश्चात ग्राहकको आदेशमा कस्टोडिएनले धितोपत्रको कारोबारको आदेश तथा NITA account बाट रकम रकमान्तार गर्ने गर्दछ । बोकर मार्फत धितोपत्र बिकी गरेपछि प्रचलित करहरु भुक्तान गरेपश्चात कस्टोडिएन बैंकले प्राप्त भएको रकम विप्रेषण गर्दछ । सूचिकृत नभएका कम्पनीहरुको सेयरहरु किनबेच गरेमा पैसा विप्रेषण गर्नका लागि अनिवार्य रुपमा तहांको केन्द्रिय बैंकको स्वीकृती चाहिन्छ । गैर आवासीय ले गैर आवासीय लाईनै धितोपत्र किनवेच गरेमा केन्द्रिय बैंकको स्वीकृती लिनु नपर्ने व्यवस्था रहेको पाइयो । गैर आवासीयहरुले Portfolio investment मार्फत पनि लगानी गर्न सक्ने र Portfolio Investment को लागी बैकिगं प्रणलीबाट भित्रिएको रेमिटयान्स आवश्यक पर्ने व्यवथा रहेको पाइयो । विदेशी लगानीकर्ताहरुलाई दोहोरो कर नलाग्ने सम्बन्धमा बंगलादेश ले जापान, ईटाली, सिंगापुर, स्वडेन, कोरिया, बेलायत, क्यानडा, मलेशिया, रोमानिया, श्रीलंका, फ्रान्स, जर्मनी, भारत तथा पाकिस्तान संग द्धिपक्षीय संझौता गरेको पाइयो ।

**(ग) श्रीलंका[३] :**

श्रीलंकामा खुला अर्थतन्त्रको नीति १९७० देखि सुरु भएता पनि विदेशी लगानीलाई प्रोत्साहन दिई लगानीको बाताबरण बनाउने कार्य भने २०१७ देखि मात्र भएको पाईन्छ । श्रीलंका दक्षिण एशियाली राष्ट्रहरुमा सबैभन्दा पहिला विदेशी लगानीलाई प्रोत्साहान गर्ने देश हो । धितोपत्र बजारमा समेत बैदेशिक लगानी लाई प्रोत्साहन गर्न पूंजी बजारको नियामक निकाय Securities and Exchange Commission (SEC) ले विदेशी एवं गैर आवासीयहरुले धितोपत्र बजारमा बन्देज गरिएका क्षेत्रहरु बाहेक अन्य क्षेत्रमा सत प्रतिशत सम्म लगानी गर्न सक्ने कानुन बनाएको देखिन्छ । धितोपत्रको दोस्रो बजारमा गैर आवासीय श्रीलंकालीले लगानी गर्नका लागि सर्वप्रथम पासपोर्टको आधारमा कस्टोडिएन बैंक (Custodian Bank) मा Inward Investment Account (IIA) खोल्नुपर्ने व्यवस्था गरेको छ । तत्पश्चात् धितोपत्र दलाल अथवा कस्टोडिएन बैंक मार्फत नेपालमा डिम्याट खाता जस्तै Central Depository Account (CDA)

---

[३] सन्दर्भ स्रोत : www.sec.gov.lk, www.cse.lk, https://www.cds.lk/,https://srilankahc.uk/wp-content/ uploads/ 2021/07/CSE-e-Brochure-min.pdf, Foreign Exchange Act, No. 12 of 2017)

खाता खोलिन्छ । लगानी गर्न तथा रिप्याट्रिएसन गर्न खोलिएका IIA खातामार्फत मात्र गर्न सकिन्छ । श्रीलंकामा गैर आवासीयहरुले धेरै जसो Portfolio Investment मार्फत लगानी गरेको पाइयो । Foreign Exchange Act, No. 12 of 2017 ले श्रीलंकामा विदेशी लगानीकर्तालाई विदेशी मुद्रा ल्याउन, लगानी गर्न तथा लगानी फिर्ता लैजान सम्बन्धमा नियमन गरेको पाइयो तथा विदेशी लगानीका लागि प्रकृयाका सम्बन्धमा त्यहांको केन्द्रीय बैकले तोकेको बैंकमा IIA खाताबाट नै गर्नुपर्ने रहेको पाइयो । धितोपत्र बजारमा श्रीलंकामा विदेशी लगानीकर्ताको लागी सजिलो होस भन्ने उदेश्यले Central Depositary System Ltd. ले नियामकको स्वीकृतिमा केही Custodian Bank तोकेको पाइयो । कोभिड १९ को प्रकोपपछि भने हाल श्रीलंकाको अर्थतन्त्रमा आएको समस्याका कारण केन्द्रीय बैंकले समय समयमा विदेशी लगानी तथा आयत प्रतिस्थापनमा आंशिक बन्देज लगाएको अवस्था छ ।

(घ) **भियतनाम**[४] **:**

भियतनाममा गैर आवासीय भनेर छुट्टै प्रावधान नभई त्यहाँका नागरिक बाहेक अरुलाई विदेशी लगानीकर्ताको रुपमा धितोपत्रको दोस्रो बजारमा लगानी गर्न मिल्ने प्रावधान भएको पाइयो । विदेशी लगानीकर्ताले कस्टोडिएन सदस्य (Custodian Member) मार्फत त्यहांको स्टक एक्सचेन्ज (Ho Chi Minh City Stock Exchange तथा Hanoi Stock Exchange) मा कारोबार गर्ने गरेको पाइयो । कस्टोडिएन सदस्यमा विदेशी विनिमय कारोबारको अनुमति पाएका बाणिज्य बैंकहरु रहेको पाइयो । यहि कस्टोडिएन सदस्य मार्फत नै विदेशी लगानीकर्ताले कारोबार खाता र बैंक खाता संचालन गर्ने गरेको पाइयो । स्टक एक्सचेन्जमा कारोबारको लागि सर्वप्रथम लगानीकर्ताले Foreign account खोल्नुपर्ने, तत्पश्चात भियतनामी मुद्रा (Vietnamese Dong) मा अर्को खाता खोल्नुपर्ने देखियो जसलाई भियतनाममा Indirect Investment Capital Account (IICA) भनिएको छ । यही खाता मार्फत् र भियतनामी मुद्राबाट मात्र सूचिकृत तथा असूचिकृत कम्पनीहरुको धितोपत्रमा कारोबार गर्न सकिने पाइयो । IICA खाताको मौजदातलाई वचत वा मुद्धती खातामा जम्मा गर्न नमिल्ने प्रावधान देखियो । सो प्रयोजनका लागि बैंकमा अर्कै खाता खोल्नुपर्ने प्रावधान रहेको पाइयो । लाभांश, व्याज आम्दानी तथा पूँजी लाभलाई सजिलै विप्रेषण गर्न सकिने देखिन्छ तर संलग्न कागजातहरुवाट लगानी गरेको रकम रेमिटयान्सबाट भित्रिएको र भियतनामको बजारमा लगानी भएको प्रमाणित हुनुपर्ने र सम्पूर्ण करहरु चुक्ता भएको कर कार्यालयको प्रमाणित कागजातकाहरु संलग्न भएको हुनुपर्ने रहेको पाइयो ।

---

[४] सन्दर्भ स्रोत : www.kbsec.com.vn www.hsx.vn

## ५. गैर आवासीय नेपाली सम्बन्धी विद्यमान कानूनी व्यवस्था :

### (१) नेपालको संविधान :

- **भाग २ को दफा १४ : गैर आवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने** : विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैर आवासीय नागरिकता प्रदान गर्न सकिनेछ ।
- **भाग ४ को दफा (१२)** : गैर आवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने ।

### (२) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ :

- परिभाषाको (ट) : विदेशी लगानीकर्ता भन्नाले विदेशी लगानी गर्ने व्यक्ति, फर्म कम्पनी, गैर आवासीय नेपाली वा विदेशी सरकार वा अन्तराष्ट्रिय संस्था वा अन्य यस्तै प्रकारको संगठित संस्थालाई सम्झनु पर्छ र सो शब्दले विदेशी लगानीकर्ता भएमा त्यस्तो संस्थाको अन्तिम हिताधिकारीलाई समेत जनाउँछ ।
- **दफा १३ विदेशी लगानीको अधिकतम सीमा नतोकिने** : (१) नेपालमा लगानी गर्न चाहने विदेशी लगानीकर्ताले लगानी गर्ने रकम र लगानीको हिस्साको अधिकतम सीमा तोकिने छैन । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सेवा उधोगको क्षेत्रमा नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्दाको बखत सम्बन्धित क्षेत्र वा उपक्षेत्रका सम्बन्धमा जनाएको प्रतिव्द्धता भन्दा कम नहुने गरी विदेशी लगानीको स्वपूँजीको अधिकतम सीमा र दफा १० बमोजिम धितोपत्रमा गरिने लगानीको सीमा तोक्न सकिनेछ ।
- **दफा १४ बाणिज्य बैंकसंग सम्झौता गर्न सक्ने** : (१) यस ऐन बमोजिम लगानी गर्ने विदेशी लगानीकर्ताले नेपालमा गरेको आफ्नो लगानी सम्बन्धी कामको लागि आफ्नो साझेदार लगानीकर्ता वा अर्को विदेशी लगानीकर्ता र नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त कुनै बाणिज्य बैंक वा पूर्वाधार विकास बैंकसंग सम्झौता त्रीपक्षीय सम्झौता (स्क्रो एग्रिमेन्ट ) गर्न सक्नेछ ।
- **दफा १५ विदेशी लगानी गर्ने स्वीकृतिका लागि निवेदन दिनुपर्ने** : यस ऐन बमोजिम विदेशी लगानी गर्न चाहने विदेशी लगानीकर्ताले नेपालमा विदेशी लगानी भित्र्याउने समय तालिका तथा उधोगमा लगानीको

कार्य योजना सहितको विवरण खुलाई विदेशी लगानी गर्ने स्वीकृतिको लागि तोकिए बमोजिमको ढांचामा तोकिए बमोजिमको विवरणहरु खुलाई विदेशी लगानी स्वीकृत गर्ने निकायमा निवेदन दिनुपर्नेछ ।

- **दफा १६ नेपाल राष्ट्र बैंकलाई जानकारी दिनुपर्ने** : (१) दफा १५ बमोजिम विदेशी लगानीको लागि स्वीकृति प्राप्त गरेपछि विदेशी लगानीकर्ताले त्यस्तो लगानीको रकम आफ्नो वैध श्रोतबाट आर्जित रकम भएको स्वघोषणा सहितको लिखित जानकारी नेपाल राष्ट्र बैंकलाई जानकारी गराउनु पर्नेछ । त्यस्तो जानकारी गराएपछि विदेशी लगानीकर्ताल त्यस्तो लगानीको रकम नेपाल भित्र्याउन सक्छ । (२) विदेशी लगानीकर्ताले लगानी गर्ने रकम नेपाल राष्ट्र बैंकले निर्धारण गरेको प्रकृया पुरा गरी बैकिङ्ग  प्रणाली मार्फत परिवर्त्य विदेशी मुद्रामा ल्याउनु पर्नेछ ।
- **दफा १८ लगानी गरी सक्नु पर्ने अवधि** : (१) विदेशी लगानीकर्ताले दफा १५ को उपदफा २ बमोजिम विदेशी लगानी गर्न स्वीकृती प्राप्त गरेको रकम तोकिएको अवधिभित्र लगानी गरी सक्नु पर्नेछ ।
- **दफा १९ शेयर विकी वा हक हस्तानतरणको जानकारी गराउनु पर्ने** : विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पति, जायजेथा वा शेयर वा अन्य कुनै प्रकारको वित्तिय उपकरणको नेपालभित्र वा बाहिर शेयर विक्रि वा हक हस्तानतरण वा अन्य कुनै प्रकारले स्वामित्व वा निहित स्वामित्वको संरचनामा परिवर्तन भएमा सम्बन्धित कम्पनीले कारोबार भएको तीस दिनभित्र तत् सम्बन्धी प्रमाण कागजात सहित सोको जानकारी त्यस्तो लगानी गर्न अनुमति दिने निकायमा दिई सोको तोकिए बमोजिम अभिलेखन गराउनु पर्नेछ ।
- **दफा २० लगानी तथा आर्जित रकम फिर्ता लैजान पाउने** : (१) विदेशी लगानीकर्ताले चाहेमा प्रचलित नेपाल कानून बमोजिम आफ्नो लगानीको शेयर वा उधोग पूर्ण वा आंशिक रुपमा विक्रि गरी प्रचलित नेपाल कानून बमोजिम लाग्ने सवै कर भुक्तान गरी नेपालबाट आफ्नो लगानी फिर्ता लैजान पाउनेछ । (२) विदेशी लगानीकर्ताले जुन विदेशी मुद्रामा लगानी गरेको हो सोही विदेशी मुद्रामा वा नेपाल राष्ट्र बैंकको स्वीकृती लिई अन्य परिवर्त्य विदेशी मुद्रामा प्रचलित कानून बमोजिमको कर सम्बन्धी दायित्व पुरा गरी देहाय बमोजिमको रकम फिर्ता लैजान पाउनेछ ।

  (क) विदेशी लगानीको शेयर विक्रिबाट प्राप्त रकम

  (३) उपदफा (१) वा (२) बमोजिम परिवर्त्य विदेशी मुद्रामा रकम फिर्ता लैजादा प्रचलित विनिमय दरमा सटही गरी लैजान पर्नेछ ।

## (३) गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४:

- **दफा २ परिभाषा :** (क) “गैर आवासीय नेपाली” भन्नाले नेपाली मूलको विदेशी नागरिक सम्झनु पर्छ र सो शब्दले विदेशमा बस्ने नेपाली नागरिक समेतलाई जनाउँछ ।

(ख) "नेपाली मूलको विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्ति सम्झनु पर्छ ।

(ग) "विदेशमा बस्ने नेपाली नागरिक" भन्नाले सार्कको सदस्य मुलुकमा बसोवास गरेको, नेपाल सरकारबाट खटीई विदेशस्थित कुटनैतिक नियोग वा महावाणिज्य दुतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक कुनै पेशा, व्यवसाय र रोजगारी गरी विदेशी मुलुकमा कम्तीमा दुई वर्ष बसोवास गरेको नेपाली नागरिक सम्झनु पर्छ ।

(ङ) "लगानी" भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्यले नेपालको कुनै उद्योग वा व्यवसायमा गरेको लगानी सम्झनु पर्छ र सो शब्दले उद्योग वा व्यवसाय र गैर आवासीय नेपालीका बीच सम्झौता गरी कुनै विदेशी उत्पत्तिको प्रविधि सम्बन्धी अधिकार, विशिष्टता, फर्मुला, प्रक्रिया पेटेण्ट, ट्रेडमार्क वा प्राविधिक सीप वा ज्ञानको हस्तान्तरण गर्ने वा प्राविधिक सल्लाहाकार वा व्यवस्थापन सेवा उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ ।

(च) "परिवार" भन्नाले पति, पत्नी, बाबु, आमा, छोराछोरी, बाजे बज्यै र सासू वा ससुरा सम्झनु पर्छ ।

- **दफा ५ : गैर आवासीय नेपालीको हैसियत कायमै रहने सम्बन्धी व्यवस्था**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लगानी गरेको विदेशमा बस्ने नेपाली नागरिक कुनै उद्योग वा व्यवसाय सञ्चालनको सिलसिलामा त्यस्ता उद्योग वा व्यवसायको सञ्चालक वा उच्च व्यवस्थापकीय पदाधिकारीको हैसियतले नेपालमा बसोवास गरेमा पनि निजको गैर आवासीय नेपालीको हैसियत कायमै रहनेछ ।

- **दफा ६ : परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने सम्बन्धी व्यवस्था**

परिचयपत्रप्राप्त गैर आवासीय नेपालीले परिवर्त्य विदेशी मुद्रामा आर्जन गरेको रकम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्न सक्नेछ ।

- **दफा ७ : परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्ने सम्बन्धी व्यवस्था**

(१) गैर आवासीय नेपालीले वा गैर आवासीय नेपालीको पचास प्रतिशतभन्दा बढी शेयर लगानी भएको कुनै विदेशी कम्पनीले प्रचलित कानून बमोजिम विदेशी लगानीको लागि खुला गरिएका उद्योग वा व्यवसाय वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गैर आवासीय नेपालीको लागि

लगानी गर्न खुला गरेको अन्य कुनै उद्योग वा व्यवसायमा विदेशमा विदेशी मुद्रामा आर्जन गरेको रकम नेपालमा परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको गैर आवासीय नेपाली वा कम्पनीले नेपालमा लगानी गर्न रकम प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तिय संस्था मार्फत प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरेको रकमको कानून बमोजिम स्रोत खुलाउनु पर्ने अवस्थामा सोको स्रोत खुलाउनु पर्नेछ ।

- **दफा ९ : रकम फिर्ता लैजान सक्ने सम्बन्धी व्यवस्था**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि गैर आवासीय नेपालीले दफा ७ बमोजिम गरेको लगानी र त्यसबाट प्राप्त भएको लाभ बराबरको रकम निजले परिवर्त्य विदेशी मुद्रामा तोकिए बमोजिम फिर्ता लैजान सक्नेछ ।

- **दफा १० : नेपाली मूलका विदेशी नागरिकलाई दिइने सुविधा तथा सहुलियत सम्बन्धी व्यवस्था**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली मूलका विदेशी नागरिकले नेपालभित्र बसोवास गर्नको लागि आफ्नो वा आफ्नो परिवारको निमित्त तोकिएको शर्तको अधीनमा रही तोकिएको क्षेत्रफलको जग्गा वा अन्य सम्पत्ति खरिद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाली मूलको विदेशी नागरिकले खरिद गरेको सम्पत्ति प्रचलित कानूनको अधीनमा रही बिक्री गर्न सक्नेछ ।

(३) नेपाली मूलको विदेशी नागरिकको मृत्यु भई अपुताली परेमा र निजको नेपालमा सम्पत्ति भएमा त्यस्तो सम्पत्ति निजको हकवाला परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक भए निजले पाउनेछ र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिम हुनेछ ।

- **दफा १२ (क)** अनुसार गैर आवासीय नेपालीले लगानी गर्दाको पुँजी रकममा कुनै कर लाग्ने छैन।
- **दफा १३ : उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउने सम्बन्धी व्यवस्था**

यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलको विदेशी नागरिकले नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउनेछ ।

- **दफा १४ : प्रचलित कानून बमोजिमको सुविधा पाउने सम्बन्धी व्यवस्था :** प्रचलित कानून बमोजिम कुनै विदेशी नागरिकले परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरे बापत पाउने सुविधा यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलका विदेशी नागरिकले पनि  पाउनेछ ।

**(४) मुलुकी देवानी संहिता ऐन, २०७४ :**

- **दफा ४३२ : विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न नपाइने सम्बन्धी व्यवस्था**

(१) कसैले पनि नेपाल सरकारको पूर्व स्वीकृति नलिइ कुनै विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न पाउने छैन । तर, गैर आवसीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) विपरित कसैले विदेशीलाई कुनै अचल सम्पत्ति हस्तान्तरण गरेमा सो सम्बन्धी लिखत स्वतः बदर भइ त्यस्तो सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(३) उपदफा (१) बमोजिम अचल सम्पत्ति प्राप्त गर्दा परेको साहूको थैली कपाली सरह हुनेछ ।

- **दफा ४३३ : विदेशीलाई अंश वा अपुताली प्राप्त भएमा हस्तान्तरण गर्नुपर्ने सम्बन्धी व्यवस्था**

(१) कुनै विदेशीलाई नेपालभित्रको कुनै अचल सम्पत्ति अंश वा अपुताली प्राप्त भएमा नेपाल सरकारको स्वीकृतिमा भएको बाहेक सो सम्पत्ति निजको नाममा नामसारी दर्ता हुन वा सो सम्पत्तिको आम्दानी निजले उपभोग गर्न पाउने छैन । तर गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा यो व्यवस्था लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिम विदेशीलाई कुनै अंश वा अपुताली प्राप्त भएमा त्यस्तो विदेशीले त्यस्तो सम्पत्ति कुनै प्रकारले नेपाली नागरिकलाई हस्तान्तरण गर्नुपर्ने छ । त्यस्तो प्रयोजनका लागि सम्बन्धित कार्यालयले हक हस्तान्तरण गर्ने दिनको लागि मान्य हुने गरी अस्थायी जग्गाधनी पूर्जा जारी गर्ने छ ।

(३) उपदफा (१) बमोजिम विदेशीको नाममा प्राप्त भएको अंश वा अपुतालीको सम्पत्ति मध्ये अंशको हकमा जहिलेसुकै पनि र अपुतालीको हकमा त्यस्तो सम्पत्ति प्राप्त भएको ३ वर्षभित्र उपदफा (२) बमोजिम नेपाली नागरिकलाई हस्तान्तरण नगरेमा सो म्याद नाघेपछि त्यस्तो सम्पत्ति उपर नेपाल सरकारको हक हुनेछ ।

**(५) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ :**

- **दफा २ :** (१) विदेशी लगानी" भन्नाले कुनै फर्म, कम्पनी वा संस्थामा विदेशी लगानीकर्ताले गरेको देहाय बमोजिमको लगानी सम्झनुपर्छ :-

  (१) शेयरमा गरेको लगानी,

(२) निक्षेपमा गरेको लगानी,

(३) उपखण्ड (१) र (२) बमोजिमको लगानीबाट प्राप्त आयको पुनर्लगानी,

(४) ऋण वा ऋण सुविधाको रुपमा गरेको लगानी ।

(ठ) कुनैं धितोपत्रको सम्बन्धमा धनी" भन्नाले सो धितोपत्र बेचबिखन वा नामसारी गर्न पाउने हक भएको व्यक्ति वा सो धितोपत्र आफ्नो नाउँमा राख्ने व्यक्ति वा सो आफ्नै वा अरु व्यक्तिको तर्फबाट सो धितोपत्रको लाभांश वा व्याज प्राप्त गर्ने व्यक्ति वा सो धितोपत्रमा कुनै हक भएको व्यक्तिलाई समेत जनाउँछ र सो धितोपत्रमा कुनै ट्रष्टमा राखिएको वा त्यसको लाभांश वा व्याज कुनै ट्रष्ट फण्डमा जम्मा हुने रहेछ भने सो ट्रष्ट वा त्यसको कुनै शर्तलाई अरु कुनै व्यक्तिको मन्जूरी लिई वा नलिई सञ्चालन गराउन वा खारेज गर्न वा हेरफेर गर्न पाउने हक भएको वा ट्रष्ट मनीको लगानीलाई नियन्त्रण गर्न पाउने हक भएको व्यक्तिलाई जनाउँछ ।

- **दफा १० (ग) : विदेशी विनिमय फिर्ता लैजाने, लगानी गर्ने र हक हस्तान्तरण गर्ने व्यवस्था :**

(१) प्रचलित कानून बमोजिम धितोपत्रमा लगानी गर्न स्वीकृति पाएका विदेशी लगानीकर्ताले बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको प्रक्रिया बमोजिम देहाय बमोजिमको रकम विदेशी मुद्रामा नेपाल अधिराज्य बाहिर लैजान वा पठाउन पाउने छन् :-

(क) धितोपत्रमा गरेको लगानी र सो बापत प्राप्त लाभ वा लाभांश,

(ख) ऋण वा ऋण सुविधाको रुपमा गरेको लगानी र सोको व्याज ।

(२) नेपाल अधिराज्य बाहिर बसोबास गर्ने नेपाली नागरिकले नेपाल अधिराज्यभित्र विदेशी विनिमयमा लगानी गर्न स्वीकृति पाएमा उपदफा (१) बमोजिम सुविधा दिइनेछ ।

(३) उपदफा (१) को खण्ड (क) मा उल्लिखित धितोपत्रमध्ये सूचीकरण भएको धितोपत्रको हकमा धितोपत्र विनिमय बजारमा कारोबार भए बमोजिमको मूल्यले हुने रकम र सूचीकरण नभएको धितोपत्रको हकमा बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको प्रक्रिया बमोजिम निर्धारण गरिएको सम्बन्धित संस्थाको सम्पत्तिका आधारमा विदेशी विनिमयमा लैजान वा पठाउन पाइनेछ ।

(४) प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर वा शुल्क विदेशी मुद्रामा भुक्तानी गरेमा कुनै विदेशी व्यक्ति फर्म, कम्पनी वा संस्थाले प्राप्त गरेको धितोपत्र कुनै अर्को विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई प्रचलित कानूनको रीत पुर्‍याई हक हस्तान्तरण गर्न सक्नेछ ।

(५) प्रचलित कानून बमोजिम विदेशी लगातीकर्ताले गरेको प्रविधि हस्तान्तरण सम्झौतामा उल्लेख भए बमोजिम प्राविधि शुल्क, रोयल्टी आदि बापतको रकम विदेशमा लैजान वा पठाउन पाउनेछ ।

(६) नेपाल अधिराज्यमा कार्यरत इजाजपत्र प्राप्त विदेशी वायु सेवा निजका एजेण्ट वा त्यस्तो कार्य गर्न अधिकृत गरिएका नेपाली व्यक्ति, फर्म कम्पनी वा संस्थाले नेपालमा विक्री गरेको हवाई टिकट तथा कार्गो बापतको रिप्याट्रिएशन लैजाने वा पठाउने प्रक्रियाका सम्बन्धमा बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रशासण गरी तोकिदिए बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि नेपाली मुद्रामा लगानी गरी विदेशी मुद्रा आर्जन नगर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यस दफा बमाजिम विदेशी मुद्रामा भुक्तानी लिन दिन पाउने छैन ।

**(७) नेपाल धितोपत्र बोर्डको निर्देशिकामा गैर आवासीय नेपालीको लागि रहेका नियम कानुनहरु :**

- लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७ को परिच्छेद २, नियम ३ मा भएको व्यवस्था अनुसार लगानी व्यवस्थापकले गैर आवाशीय नेपाली नागरीकहरु ग्राहक बनाउने भएमा उनीहरुको तर्फबाट बैंक खाता खोल्न तथा सो खाता संचालन गर्न प्रचलित कानून बमोजिम कुनै स्वीकृति लिनुपर्ने भएमा त्यस्तो स्वीकृती लिएर मात्र कार्य संचालन गर्नु पर्नेछ ।
- सोही निर्देशिकाको परिच्छेद ७ को नियम २४ मा गैर आवासीय नेपालीलाई ग्राहक सुविधा प्रदान गर्न सक्ने सम्बन्धमा निम्न व्यवस्थाहरु रहेको छ :

(१) लगानी व्यवस्थापकले प्रचलित कानुनको अधिनमा रही नेपाल बाहिर रहेका गैर आवासीय नेपाली (एन.आर.एन) लाई पनि करार गरी तथा ग्राहक बनाई सेवा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गैर आवासीय नेपालीलाई सेवा प्रदान गर्दा पूर्ण स्वतन्त्रतामा आफ्नो स्वविवेक प्रयोग गरेर लगानी व्यवस्थापन गरी लगानी व्यवस्थापकले ग्राहकको लागि आफैले खरिद वा बिक्री आदेश दिई खरिद वा बिक्री गर्न सक्नेछ । तर यसरी लगानी व्यवस्थापकले ग्राहकको तर्फबाट आफैले खरिद बिक्री गर्न पाउने सम्बन्धमा ग्राहकबाट अधिकार प्रत्यायोजन गरेको सम्बन्धमा करारमा स्पष्ट रुपमा उल्लेख गरी अधिकार प्राप्त गरेको हुनुपर्नेछ ।

## ६. विद्यमान नीतिगत एवं कानुनी अड्चनहरु :

गैर आवासीय नेपालीको लागि देहायका विषयमा दोस्रो बजारमा कारोबार गर्न केही कानूनी अडचनहरु रहेको देखिन्छ :

- गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ ले गैर आवासीय नेपाली भन्नाले नेपाली मूलको विदेशी नागरिक तथा विदेशमा बस्ने नेपाली नागरिक समेतलाई जनाउँछ भनेको छ। विदेशमा बस्ने नेपाली नागरिक संग नेपाली नागरिकता तथा पासपोर्ट रहेको हुन्छ तर नेपाली मूलको विदेशी नागरिक संग नेपालको नागरिकता हुँदैन। नेपालको धितोपत्र बजारमा डिम्याट खाता खोल्नका लागि लगानीकर्ताको स्वयंम उपस्थित भई नेपाली नागरिकता अनिवार्य पेश गर्नु पर्ने नियम रहेको छ। साथै स्टक एक्सचेन्जबाट दोस्रो बजारमा धितोपत्रको कारोबार गर्ने क्रममा कारोबार खाता खोल्नका लागि नेपाली नागरिकताको प्रतिलिपि अनिवार्य गरिएको छ जसबाट गैर आवासीय नेपालीहरुले सोझै बजारमा लगानी गर्न सक्ने अवस्था छैन।
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा गैर आवासीय नेपालीलाई विदेशी लगानीकर्ताको परिभाषा भित्र समेटिएको छ। यसले गर्दा गैर आवासीय नेपालीले धितोपत्रको दोस्रो बजारमा गर्ने लगानीका लागि पनि विदेशी लगानीकै स्वरुप र प्रक्रिया अपनाउनु पर्ने देखिन्छ जस्ले गर्दा पटके स्वीकृती तथा लामो प्रक्रिया अपनाउनु पर्ने हुंदा गैर आवासीय नेपालीको हकमा छुट्टै परिभाषा तोक्नु पर्ने देखिन्छ।
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १५ ले विदेशी लगानी गर्न चाहने विदेशी लगानीकर्ताले नेपालमा विदेशी लगानी स्वीकृति गर्ने निकायमा निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा धितोपत्रको दोस्रो बजारमा लगानीका लागि समेत उद्योग विभागको स्वीकृती बाट लिनु पर्ने देखिन्छ जुन दोस्रो बजार कारोबारका लागि व्यवहारिक देखिदैन।
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २० ले लगानी तथा आर्जित रकम फिर्ता लैजान पाउने नियमले विदेशी लगानीकर्ताले चाहेमा प्रचलित कानून बमोजिम आफ्नो लगानी पूर्ण वा आशिंक रुपमा बिक्री गरी प्रचलित कानून बमोजिम लाग्ने सवै कर भुक्तान गरी लगानी फिर्ता लैजान पाउने भनेको छ र यसका विभिन्न लामो चरणहरु तोकेको छ। साथै दफा २० को उपदफा ६ ले विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजान चाहनेले स्वीकृतिका लागि तोकिएबमोजिम ढांचामा विदेशी लगानी स्वीकृत गर्ने निकायमा निवेदन दिनुपर्नेछ भनेको छ। साथै उपदफा ८ ले सम्बन्धित निकायको स्वीकृतिपछि सटही सुविधाका लागि नेपाल राष्ट्र बैंकमा निवेदन

दिनु पर्नेछ भनेको छ । तर धितोपत्रको दोस्रो बजारमा गरिने कारोबारको प्रकृतीका आधारमा गैर आवासीयहरुले रकम फिर्ता लैजानका लागि प्रत्येक पटक धितोपत्र बोर्ड तथा नेपाल राष्ट्र बैंकबाट स्वीकृती लिई राख्नुपर्ने प्रावधान व्यवहारिक देखिदैन ।

- धितोपत्र बजारमा गरिने लगानी तथा फिर्ताका लागि पटक पटक रकम रकमान्तर (Transfer) गरिहनुपर्ने हुन्छ । यस सम्बन्धमा गैर आवासीय नेपालीले एक पटकमा कति रकम ल्याउन पाउने वा एक पटकमा कति रकम फिर्ता लान पाउने सीमा सम्बन्धमा प्रष्ट नियमको अभाव रहेका देखिन्छ ।
- धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीले लगानी/कारोबार गर्न सक्नेछन भन्ने सम्बन्धमा विद्यमान कुनै कानुनमा उल्लख नभएको देखिन्छ ।
- नेपालको संविधानको धारा १४ मा "**विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैर आवासीय नागरिकता प्रदान गर्न सकिनेछ**" भन्ने व्यवस्था छ । यस सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ तथा गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मा केही व्यवस्था भएको भएतापनि गैर आवासीय नेपालीले नेपालको धितोपत्रमा तथा धितोपत्रको दोस्रो बजारमा कारोबार गर्न सक्नेछन भन्ने कानूनी व्यवस्था नभएकाले कारोबार गर्न कानूनी अडचन रहेको देखियो ।

## ७. गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा लगानीको अवसर प्रदान गर्दा हुने अवसर तथा चुनौतीहरु :

कुनै पनि देशको अर्थतन्त्रको विकासका लागि गरिवी निवारण तथा जनाताको जीवन स्तर उकास्नु प्रमुख कार्य हो, जुन कुरा लगानी तथा दीगो आर्थिक वृद्धिबाट मात्रै संभव छ । तर नेपाल जस्तो विकासोन्मुख देशमा जहाँ श्रोत र साधनको कमी रहेको छ यी लक्ष्यहरु आँफै पुरा हुन सक्दैन्न । यसका लागि बैदेशिक अनुदान तथा वैदेशिक लगानी अत्यावश्यक रहन्छ । वैदेशिक लगानी भन्नाले हामीले औद्योगिक क्षेत्रमा आईरहेको र आउने लगानी भन्ने बुझ्दछौ । तर वैदेशिक लगानीलाई खाली औद्योगिक क्षेत्रमा मात्र नभई कयौं विकासशील राष्ट्रहरुले धितोपत्र बजारमा समेत लगानी गर्ने अवसर प्रदान गरी पूँजी निर्माण तथा पूँजी बजारको विकासमा फड्को मारेका छन् । नेपालमा पनि केही दशक यता धितोपत्र बजार दीर्घकालीन पूँजी निमार्ण गर्ने एक महत्वपूण क्षेत्र बनेको छ जसले आर्थिक वृद्धिको क्षेत्रमा योगदान पुऱ्याउँदछ । विश्वका

धितोपत्र बजारको तुलनामा नेपालको बजार केही पछि रहेतापनि केही दशक यता यसले सरकार, सर्वसाधरण, साना तथा ठुला लगानीकर्ता मात्र नभई संस्थागत लगानीकर्ताका लागि समेत लगानीको अवसरको अर्को क्षेत्रको रुपमा उदाएका कारण यसले सरकार तथा सरोकारवाला सवैको ध्यान खिच्न सफल भएको छ । तसर्थ धितोपत्रका उपलब्ध उपकरणमा विविधता सहित अव नेपाली बजारमा विदेशी लगानी खुला गर्ने समय आईसकेको छ र यसका लागि सरकार एवं सरोकार पक्षहरुले चरणवद्ध रुपले विदेशी लगानीको लागि आधारशीला तयार गर्न आवश्यक देखिएको छ । सर्वप्रथमतः गैर आवासीय नेपालीहरुका लागि धितोपत्र दोस्रो बजारमा लगानीको अवसर खुला गर्दै विस्तारै यसबाट देखिने परिणामका आधारमा विदेशी लगानी समेत क्रमश खुला गर्दै जानुपर्ने देखिन्छ । गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा लगानीको अवसर प्रदान गर्दा देहायका फाईदा तथा चूनौतिहरु हुने देखिन्छ :

**(क) अवसरहरु :**

- गैर आवासीय नेपालीको बजार प्रवेशले गर्दा धितोपत्रको दोस्रो बजारको कारोबारको परिमाण बढ्ने हुनाले सरकारले प्राप्त गर्ने राजश्वमा वृद्धि हुँदै जाने देखिन्छ ।
- धितोपत्रमा गरिने लगानी FDI भन्दा वढी तरल हुन्छ जस्ले गर्दा सजिलै र चाहेको बेलामा नगदमा परिणत गर्न सकिन्छ ।
- निर्यातमुखी अर्थतन्त्रका कारण हाल नेपाल प्रायजसो विदेशी मुद्रा संचितीको दवावमा परिरहने अवस्थामा गैर आवासीय नेपालीहरुबाट धितोपत्रको दोस्रो बजारमा आप्रवाह (Inflow) हुने विदेशी मुद्राले देशमा विदेशी मुद्रा आर्जन हुने एवं संचिती वढाउने श्रोत बन्न सक्ने ।
- नेपालजस्तो विकासशिल राष्ट्रमा गैर आवासीयलाई धितोपत्र बजारमा लगानीको अवसर दिँदा उनीहरुबाट प्राप्त पूंजी मार्फत स्वदेशी लगानी तथा राष्ट्रिय वचतमा वृद्धि हुनेछ ।
- गैर आवासीय नेपालीहरु धितोपत्र बजारमा भित्रिदा बजारको आकार वृद्धि हुने साथ साथै उनीहरुको अन्तराष्ट्रीय बजारको अनुभवका आधारमा लगानी विविधिकरणका लागि उपकरण, प्रविधि तथा सीप समेत भित्रिने प्रचुर सम्भावना भई दीर्घकालमा रोजगारीका अवसरहरु श्रृजना भई देशको आर्थिक वृद्धिमा सहयोग पुग्ने देखिन्छ ।
- गैर आवासीयको प्रवेशबाट पूंजी बजारमा बैदेशिक लगानीका लागि आधारशीला तयार हुने देखिन्छ ।
- गैर आवासीयको प्रवेशले धितोपत्र बजारमा पारदर्शिता तथा संस्थागत सुशासन कायम राख्नु पर्ने दवाव नियमनकारी निकाय तथा बजार सहभागीहरुलाई थप पर्ने हुँदा यसले धितोपत्र बजारका कारोवारहरु थप पारदर्शी हुनुको साथै प्रतिष्पर्धी वातावरण तयार हुन सक्ने देखिदैन ।

## (ख) चुनौतिहरु :

- गैर आवासीय नेपालहरुलाई धितोपत्रको दोस्रो बजारमा लगानीको शर्त तथा सीमा नतोकी भित्र्याउदा बजारमा उनीहरुको हिस्सा बढ्न गई लगानी फिर्ता लैजादा बजार र अर्थतन्त्र प्रभावित हुने र विदेशी विनिमय भूक्तानीमा चाप समेत पर्न जाने चुनौती हुने देखिन्छ। लगानीको सीमा नतोकेमा धितोपत्रमा गैर आवासीयहरुको हिस्सा वढी भई मुनाफा विदेशमा लैजाँदा विप्रेषण मार्फत स्वदेशी पूँजी पलायन हुने चुनौती रहेको छ।
- नेपाली मुद्रा भारतीय मुद्रासंग स्थिर विनिमयदर कायम गरिएको (Pegged) कारण भारतीय मुद्रा कमजोर हुँदा नेपाली मुद्रा पनि कमजोर हुने र बलियो भएमा नेपाली मुद्रा पनि बलियो हुने प्रवृत्ति छ। अतः भारतीय अर्थतन्त्र कमजोर भएको अवस्थामा गैर आवासीय नेपालीहरुले नेपाली मुद्रा कमजोर भएको वा हुन सक्ने अवस्था देखि धितोपत्र विक्री गरी आफ्नो लगानी फिर्ता लैजाने होड चल्ने जसको फलस्वरुप नेपाली मुद्रा झनै कमजोर भई विदेशी मुद्राको संचितिमा समेत नकारात्मक असर पर्न सक्ने देखिन्छ।
- गैर आवासीय नेपालहरुलाई विदेशमै बसेर विद्युतीय माध्यमबाट कारोबार गर्नुपर्ने व्यवस्था हुने भएकाले समय समयमा नेपाली बजारमा प्रविधिमा चुनौतीहरु आईपर्न सक्ने देखिन्छ।
- गैर आवासीय नेपालहरुलाई बजारमा प्रवेश गराएदेखि बजारमा माग पक्ष बलियो हुँदै जाने र सोही अनुपातमा आपूर्ति पक्षमा सुधार हुन नसकेमा बजार अनायासै बढ्ने सम्भावना उत्तिकै रहेको। यसबाट धितोपत्रहरुको मुल्य अवास्तिक हुने र लगानी जोखिमपूर्ण हुने चुनौति पनि देखिन्छ।

## ८. निष्कर्ष तथा सुझाव :

समितिले अध्ययनको क्रममा नेपालको संविधान, गैर आवासीय नेपालीहरुसंग सम्बन्धित विद्यमान ऐन, नियम तथा कानूनहरुको अध्ययन, गैर आवासीयहरुको हकमा केही देशहरुको अन्तराष्ट्रिय अभ्यासका साथै गैर आवासीय क्षेत्रमा रहेर लामो समयको कार्य गरेका विज्ञहरुसंग छलफल, बैंकिंग क्षेत्रको विज्ञसंग छलफल तथा नेपाल राष्ट्र बैंक विदेशी विनिमय विभागसंग समेत छलफल गरी सुझाव संकलन गरेको थियो। विगत पांच वर्षको धितोपत्रको सूचकाकंहरुको विश्लेषण गर्दा आ.व.२०७६।७७ मा बजार पुँजीकरण १७९२.३५ अर्ब रहेको थियो भने आ.व. २०७९।८० को बैशाखसम्ममा २६५७.७५ अर्ब रहेको छ। वार्षिक कारोबार रकम आ.व.२०७६।७७ मा १५०.०३ अर्ब रहेको थियो भने आ.ब.२०७९।८० को बैशाख सम्ममा

२८६९.३४ अर्ब रहेको छ । लगानीकर्ताको संख्या हेर्दा आ.ब. २०७६।७७ मा १५ लाख डिम्याट खाता रहेकोमा आ.ब.२०७९।८० को बैशाख सम्ममा करिब ५६ लाख डिम्याट खाता रहेको देखिन्छ [५]।

साधारण सेयरको कारोबारको मात्र बाहुल्यता रहेको नेपालको धितोपत्रको दोस्रो बजारका देखिएको वृद्धि सँगसँगै नेपालको धितोपत्र बजारमा लगानीको उपकरणहरुमा विविधता तथा वैदेशिक लगानीको प्रवेशको लागि आधारशीला तय गर्नुपर्ने आवश्यक देखिएको छ । यसै क्रममा नेपाल सरकारको आ.व २०७९।८० को बजेट वक्तव्यमा धितोपत्रको दोस्रो बजारमा गैर आवसीय नेपालीहरुको लगानी खुला गर्ने कानूनी व्यवस्था मिलाइनेछ भन्ने रणनीति लिएको र सोही नीतिलाई निरन्तरता दिंदै आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यमा "एनआरएनलाई सेयर बजारमा सूचीकृत भएका हाईड्रोपावर तथा अन्य वास्तविक क्षेत्रका कम्पनीहरुमा लगानी गर्ने बाटो खुला गर्ने नीति लिईएकोमा यस नीतिलाई कार्यान्वयन गर्नका लागि नेपाल धितोपत्र बोर्डले गैर आवासीय नेपालीका लागि धितोपत्रको दोस्रो बजारमा प्रवेश गराउन जरुरी देखिन्छ । यस्तो गर्न सकेमा यसले प्रत्यक्ष रुपमा धितोपत्र बजारको क्षेत्र, कारोबार रकम, लगानीकर्ता संख्यामा वृद्धि तथा विदेशी मुद्रा आर्जन एवं संचितीमा प्रत्यक्ष एवं महत्वपूर्ण भुमिका खेल्न सक्छ ।

गैर आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा प्रवेश गर्ने सम्बन्धमा केही विद्यमान कानुनमा संशोधन, परिवर्तन तथा थप व्यवस्थाहरु मार्फत् कारोबार खुला गराउनुपर्ने अध्ययन समितिको सुझाव छ । साथै कारोबारमा सहजताका लागि अन्य देशहरुले अपनाएका नमूना अभ्यासहरुलाई समेत आधार लिई बैंकिङ्ग प्रणाली तथा धितोपत्र बजार प्रणालीमा केही प्रकृयागत व्यवस्थाहरु मिलाएर (जस्तै बैंक खाता संचालन, कारोबार तथा डिम्याट खाता संचालन, कस्टोडिएन बैंकको अवधारणा) मात्र दोस्रो बजारमा कारोबार गराउन सकिने समितिको निष्कर्ष छ ।

नेपालको संविधानले गैर आवासीय नेपालीहरुलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने अवसर प्रदत्त भईसकेको परिप्रेक्ष्यमा गैर आवासीय नेपालीहरुलाई आर्थिक वर्ष २०८०।८१ को बजेट मार्फत धितोपत्रको केही सिमित क्षेत्रमा मात्र लगानी गर्न पाउने नीति घोषणा भएकोमा लगानीका सीमित क्षेत्रहरु मात्र नतोकी धितोपत्रका सबै क्षेत्रहरुमा क्रमशः लगानीका अवसर खुला गरिएमा गैर आवासीय नेपालीहरु नेपालको बजारमा लगानी गर्न उत्प्रेरित भई यसबाट सकारात्मक

---

[५]सन्दर्भ श्रोत : www.nepse.com.np

परिणाम प्राप्त गर्न सकिन्छ भन्ने निष्कर्ष सहित समितिले देहाय बमोजिमको केही नीतिगत तथा प्रकृयागत सुझावहरु प्रस्तुत गरेको छ ।

## (क) नीतिगत सुझाव (Policy Recommendations)

**विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा हुनुपर्ने संशोधन** :

१. **परिभाषा** : विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा गैर आवासीय नेपालीलाई विदेशी लगानीकर्ताको परिभाषा भित्र समेटिएकोमा गैर आवासीय नेपालीको विषयमा देहाय अनुसारको ऐनमा अलग्गै परिभाषा थप गर्न उपयुक्त हुने ।

- "गैर आवासीय नेपाली" भन्नाले गैर आवासीय नेपाली सम्बन्धी ऐन २०६४ को दफा २(क) ले परिभाषित गरे बमोजिम नेपाली मूलको विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिक सम्झनुपर्छ । सो शब्दले विदेश स्थित गैर आवासीय नेपाली संघले जारी गरेको गैर आवासीय नेपाली परिचयपत्र प्राप्त व्यक्ति वा विदेशी कानून बमोजिम कुनै देशमा बसोबास गरेको कागजात प्राप्त गरेका गैर आवासीय नेपाली समेतलाई जनाउँदछ ।

२. **विदेशी लगानीको क्षेत्र** : आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यमा "एनआरएनलाई सेयर बजारमा सूचिकृत भएका हाईड्रोपावर तथा अन्य वास्तविक क्षेत्रका कम्पनीहरुमा लगानी गर्ने बाटो खुला गर्ने भन्ने व्यवस्था भएकोमा गैर आवासीय नेपालीहरुको लागि धितोपत्रमा गरिने लगानीका लागि सवै क्षेत्रहरु क्रमश खुला गर्ने उपयुक्त हुने हुंदा ऐनको दफा १० मा देहाय अनुसार व्यवस्था थप गर्न उपयुक्त हुने ।

- गैर आवासीय नेपालीहरुले नेपालको धितोपत्र बजारमा तोकिए बमोजिमका क्षेत्र तथा उपकरणहरुमा लगानी गर्न सक्ने व्यवस्था गर्नु पर्ने । यसरी लगानी गर्ने क्षेत्र तथा उपकरणका सम्बन्धमा नेपाल सरकारसंगको समन्वयमा नियामक निकायले समय समयमा तोके बमोजिम व्यवस्था गर्नु पर्ने ।

३. **विदेशी लगानीको सीमा** : गैर आवासीय नेपालीहरुले नेपालको धितोपत्र बजारमा लगानी गर्ने रकमको सीमाका सम्बन्धमा ऐनको दफा ३ मा देहाय अनुसार सुधार गर्नु पर्ने ।

- गैर आवासीय नेपालीहरुले नेपालको धितोपत्र बजारमा लगानी गर्ने रकमको सीमाका सम्बन्धमा नेपाल सरकारसंगको समन्वयमा नियामक निकायलाई समय समयमा तोक्ने अख्तियारी दिनु पर्ने।

४. **रकम फिर्ता लैजाने सम्बन्धमा** : गैर आवासीय नेपालीहरुले धितोपत्रको दोस्रो बजारका उपकरणमा गरेको लगानी फिर्ता लैजाने सम्बन्धमा ऐनको दफा २० मा देहाय अनुसार थप गर्नुपर्ने ।

- गैर आवासीय नेपालीहरुले नेपालको धितोपत्रको दोस्रो बजारको उपकरणमा गरेको शुरुको लगानी रकम फिर्ता लैजान चाहेमा सीमा नलाग्ने व्यवस्था हुनु उपयुक्त हुने ।
- लगानीबाट आर्जित मुनाफा तथा लाभांशको विप्रेषणको हकमा नियामक निकायले तोके बमोजिम सम्बन्धित निकायको स्वीकृती लिएर वार्षिक रुपमा दश लाख नेपाली रुपैयासम्म फिर्ता लैजान सकिने व्यवस्था गर्नु उपयुक्त हुने ।

५. **स्वीकृति तथा नियमनको सम्बन्धमा :** गैर आवासीय नेपालीहरुले धितोपत्रको दोस्रो बजारमा कारोबारको स्वीकृति तथा नियमनको सम्बन्धमा देहाय अनुसार गर्नु उपयुक्त हुने ।

- ऐनको दफा ९ र १० मा पूँजी लगानीकोष मार्फत धितोपत्र सम्बन्धी कारोबार गर्न सकिने व्यवस्था रहेकोमा स्पष्ट रुपमा गैरआवासीय नेपालीले व्यक्तिगत रुपमा समेत धितोपत्र सम्बन्धी दोस्रो बजारमा कारोबार गर्नसक्ने व्यवस्था राख्नु उपयुक्त हुने । साथै गैर आवासीय नेपालीलाई विदेशी लगानीकर्ता भन्दा फरक रुपमा व्यवस्था गरी धितोपत्रको दोस्रो बजारमा लगानीका लागि स्वीकृती लिनुपर्ने व्यवस्था हटाई नियमनकारी निकायबाट जारी नियमावली बमोजिम लगानी गर्न सकिने व्यवस्था गर्न उपयुक्त हुने ।
- दफा १० मा धितोपत्र सम्बन्धी कारोबारको सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन तथा नियमावली बमोजिम हुने भनी दोश्रो बजारमा लगानी गर्न सक्ने सम्बन्धमा अन्य आवश्यक नीतिगत व्यवस्था गर्ने अख्तियारी धितोपत्र बोर्डलाई प्रदान गरिनु उपयुक्त हुने ।

६. नेपालको संविधानले नै गैरआवासीय नेपालीलाई आर्थिक अधिकारको प्रयोग गर्न सक्ने गरी गैर आवासीय नेपाली नागरिकता दिनसक्ने व्यवस्था गरेको परिप्रेक्षमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको अन्य प्रावधानहरुमा समेत बिदेशी लगानीकर्ता र गैर आवासीय नेपाली लगानीकर्तालाई छुट्याई अलग्गै व्यवस्था गरी गैर आवासीय नेपालीहरुले धितोपत्र बजारमा लगानी गर्न सहज हुनेगरी कानुनमा तदनुकुल संशोधन एवं परिमार्जन गर्नु उपयुक्त हुने ।

**<u>गैर आवासीय नेपालीले धितोपत्र बजारमा लगानी गर्न सक्ने अवस्थालाई सहज तुल्याउन नेपाल राष्ट्र बैंकबाट हुनसक्ने सहजिकरणका उपायहरु :</u>**

१. गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा लगानी गर्नका लागि सहजीकरण गरिदिन संरक्षक सदस्य बैंकले (Custodian Member Bank) को व्यवस्था गर्न सकिने गरी नीतिगतरुपमा नै व्यवस्था गर्नुपर्ने।

२. गैर आवासीय नेपालीले धितोपत्रमा लगानी गर्ने प्रयोजनका लागि तोकिएको संरक्षक सदस्य बैंकमा गैर आवासीय नेपालीले अलग्गै बैंक खाता खोल्ने सक्ने व्यवस्था गरिदिने ।

३. गैर आवासीय नेपालीले धितोपत्र बजारमा गर्ने लगानी र रकम फिर्ता लैजाने सम्बन्धमा स्पष्ट र सहज हुनेगरी छुट्टै निर्देशन/नियमन, कार्यविधि जारी गर्ने ।

४. गैर आवासीय नेपालीले संरक्षक सदस्य बैंक (Custodian Member Bank) मा विदेशी मुद्रा खाता Foreign Currency Account) खोल्ने र रेमिटयान्स मार्फत विदेशी मुद्रा जम्मा गर्न सक्ने, सदस्य बैंकहरुले गैर आवासीय नेपालीहरुलाई उक्त विदेशी मुद्रा खातामा रहने कुल मौज्दातलाई सुरक्षणको रुपमा राखी सोको प्रचलित विनियमय दरले हुने रकमको बढीमा ९०% सम्म नेपाली मुद्रामा कर्जा प्रदान गर्न सक्ने र गैर आवासीय नेपालीहरुले सो नेपाली मुद्रामा लिएको कर्जा रकमबाट धितोपत्रको दोस्रो वजारमा कारोबार गर्न सक्ने, सदस्य बैंकबाट लिएको कर्जाको राफसाफ गरेपश्चात् रेमिटयान्स मार्फत ल्याएको जति रकम वा विदेशी मुद्रा खातामा जम्मा रहेको मौज्दात चाहेको बखतमा विप्रेषण गर्न सक्ने गरी आवश्यक व्यवस्था तोकिदिन सक्ने । यसबाट गैर आवसीय नेपालीलाई नेपाली धितोपत्र बजारमा लगानीको लागि आकर्षित गर्न सकिने र जसका माध्यमबाट विदेशी मुद्रा नेपाल भित्र्याउन तथा धितोपत्र बजार मार्फत पूँजी निर्माण तथा परिचालन गर्न सहज भई समग्र अर्थतन्त्रलाई नै सकारात्मक योगदान पुग्न सक्ने देखिन्छ ।

**<u>नेपाल धितोपत्र बोर्डबाट हुनु पर्ने व्यवस्थाहरु :</u>**

१. गैर आवासीय नेपालीले डिम्याट (Demat) खाता खोल्ने प्रकृयामा डिजिटल माध्यमबाट समेत खाता खोल्न सकिने व्यवस्था लागू गर्ने । यसका लागि धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावलीमा देहाय अनुसारको प्रावधान थप/शंसोधन गनुपर्ने ।

- निक्षेप सदस्यहरुले गैर आवासीय नेपालीहरुको डिम्याट खाता खोल्दा नेपाल सरकारले जारी गरेको गैर आवासीय परिचयपत्रका आधारमा विद्युतीय माध्यमबाट ग्राहक पहिचान गरी खाता खोल्न तथा खाता अद्यावधिक गर्न सक्ने व्यवस्था गर्नुपर्ने ।

२. गैर आवासीय नेपालीलाई धितोपत्र दलालकोमा ट्रेडिङ्ग खाता खोल्न, ग्राहक पहिचान (KYC) लाई सरलीकरण गरी प्रविधि प्रयोग गर्न धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ देहाय अनुसारको प्रावधान थप गनुपर्ने ।

- धितोपत्र दलालले गैर आवासीय नेपालीको कारोबार गर्नु अघि ग्राहकको ट्रेडिङ्ग खाता खोल्दा तथा ग्राहक पहिचान विवरण राख्दा गैर आवासी नेपालीको परिचयपत्रका आधारमा विद्युतीय माध्यमबाट गर्न सक्नेछ । साथै त्यस्तो विवरण तोकिएको समय अन्तरालमा विद्युतीय माध्यमबाट अद्यावधिक गर्ने सम्पूर्ण जिम्मा धितोपत्र दलालले गर्ने ।

३. धितोपत्र दलालले सेवा प्रदान गर्दा अपनाउनुपर्ने उपाय र सेवालाई सरलीकरण गर्ने देहाय अनुसारको व्यवस्था गर्नुपर्ने ।

- धितोपत्रको दोस्रो बजारमा गरिने कारोबारका लागी खोलिएको बैंक खाता, डिम्याट खाता र धितोपत्र दलाल संग खोलेको खाता एक आपसमा आवद्ध हुनु पर्ने।
- गैर आवासीय नेपालीले कारोबार गरेको धितोपत्रको राफसाफ तथा फछ्र्यौट गरी प्रचलित कर एवं शुल्क कमिशनहरु भुक्तान गरी ग्राहकको बैंक खातामा रकम तथा डिम्याट खातामा शेयर जम्मा गरिदिने ।

४. गैर आवासीय नेपालीले खरिद गर्न सक्ने/लगानी गर्न पाउने धितोपत्र/क्षेत्र/संख्या/लगानीको सीमा रकम/अवधि तथा रकम फिर्ता लाने प्रकृया, सूचिकृत संगठित संस्थाको बार्षिक साधारण सभामा मतदान गर्ने तथा संचालक समितिमा भाग लिने सम्बन्धी व्यवस्था, सम्पती हस्तान्तरण /अपुताली सम्बन्धी व्यवस्थाका आदि सम्बन्धी व्यवस्थाका लागि बोर्डले अलग्गै नियमावली तर्जुमा गर्नुपर्ने ।

५. गैर आवासीय नेपालीका लागि धितोपत्रको दोस्रो बजारमा परिवर्तनीय बैंक खाता (Convertible Bank Account) खोली कारोबारका लागि सहजीकरण गर्न (विदेशी तथा स्वदेशी मुद्रामा खाता खोल्ने) धितोपत्र बोर्डको अनुरोधमा नेपाल राष्ट्र बैंकबाट इच्छुक वाणिज्य बैंकहरुलाई गैर आवासीय नेपालीको लागि नेपालको दोस्रो बजारमा कारोबारका लागि सहजीकरण गर्न संरक्षक सदस्य बैंक (Custodian Member Bank) को अनुमतिको व्यवस्था गर्नु पर्ने ।

६. संरक्षक सदस्य बैंकले गैरआवासीय नेपाली ग्राहकको तर्फबाट डिम्याट (Demat) खाता खोल्ने, धितोपत्र दलालकोमा ग्राहकको तर्फबाट कारोबार खाता (TMS) खोलिदिने, ग्राहकको तर्फबाट विद्युतीय निर्देशन पुर्जी (Electronic Debit Instruction Slip) जारी गर्न सक्ने सम्बन्धमा धितोपत्र बोर्डले सदस्य

बैंकको कार्यक्षेत्र तोक्ने व्यवस्था मिलाउने । सदस्य बैंकले शुल्क लिई गैर आवासीय नेपालीसंग सम्झौता गरी यी सेवा प्रदान गर्न सक्ने ।

७. संरक्षक सदस्य बैंकले गैर आवासीय नेपाली ग्राहकको कारोबारको प्रतिवेदन नेपाल राष्ट्र बैंक तथा धितोपत्र बोर्डलाई तोकिएको समयभित्र गराउनुपर्ने व्यवस्था मिलाउने ।

## (ख) प्रकृयागत सुझाव (Procedural Recommendations) :

१. धितोपत्रको दोस्रो बजारमा कारोबार गर्न इच्छुक गैर आवासीय नेपालीले गैर आवासीय नेपालीको परिचयपत्रका आधारमा अनुमतिप्राप्त संरक्षक सदस्य बैंक (Custodian Member Bank) मध्ये कुनै एक बैंकसँग आफै वा त्यस्तो बैंकको विदेशस्थित उपलब्ध प्रतिनिधि एजेण्ट वा त्यस्तो बैंकले गरेको विद्युतीय माध्यम मार्फत् सम्पर्क स्थापित गरी त्यस्तो बैंकमा विदेशी मुद्रा खाता (Foreign Currency Account) खोल्नु पर्ने व्यवस्था गर्ने ।

२. गैर आवासीय नेपालीले संरक्षक सदस्य बैंकमा विदेशी मुद्रा खाता खोल्दा शेयर कारोबार प्रयोजनका लागि नेपाली मुद्राको चल्ती खाता (Current Account) समेत खोल्नु पर्ने व्यवस्था गर्ने । यसरी ग्राहकले सदस्य बैंकमा चल्ती खाता खोल्दा त्यस्तो खाता Repatriable Nepalese Currency Account वा Non-Repatriable Nepalese Currency Account वा दुवै प्रकारको खोल्न सक्ने व्यवस्था मिलाउने । यी खाता खोल्दा ग्राहक पहिचान सम्बन्धी सम्पूर्ण विवरण लिने र त्यस्तो विवरण तोकिएको समय अन्तरालमा अद्यावधिक गर्ने सम्पूर्ण जिम्मा सदस्य बैंकले लिने व्यवस्था गर्ने ।

३. संरक्षक सदस्य बैंकले गैर आवासीय नेपालीको तर्फबाट डिम्याट खाता खोल्ने तथा धितोपत्र दलालकोमा ग्राहकको कारोबार खाता खोलिदिई त्यसको युजर आइडी तथा पासवर्ड ग्राहकलाई उपलब्ध गराउने व्यवस्था मिलाउने । ग्राहकले कारोबार गरेपछि विद्युतीय निर्देशन पुर्जी (Electronic Debit Instruction Slip) जारी बैंक आफैले गरिदिने र सोको जानकारी ग्राहकलाई तत्कालै गर्नुपर्ने व्यवस्था मिलाउने ।

४. ग्राहकले कारोबार गर्ने प्रयोजनका लागि विदेशी मुद्रा खातामा सर्वप्रथम रकम जम्मा गर्नुपर्ने व्यवस्था गर्ने । ग्राहकको अनुरोधमा उक्त खातामा जम्मा भएको विदेशी मुद्रामा अंकित रकममध्ये ग्राहकले चाहेजति रकम कारोबार प्रयोजनका लागि खोलिएको नेपाली मुद्राको चल्ती खाता (Current Account) मा प्रचलित विनिमय दरले रकमान्तर गरी जम्मा गरिदिने व्यवस्था संरक्षक सदस्य बैंकले मिलाउने । त्यस्तो खातालाई ग्राहकको डिम्याट खाता तथा कारोबार खातासँग आवद्ध गराई त्यस्तो

खाताबाट खरिद कारोबार गर्दा कट्टा गर्ने र बिक्री कारोबार गर्दा जम्मा गर्ने व्यवस्था बैंकले मिलाउने । ( सदस्य बैंकले यो कार्यको लागि कुनै धितोपत्र दलालसंग संझौता गरी कार्य गर्न सक्ने )

५. कुनै ग्राहकले रकम फिर्ता नलैजाने गरी कारोबार गर्न चाहेमा त्यस्तो ग्राहकले विदेशी मुद्रा खाताबाट चाहेजति रकम Non-Repatriable Nepalese Currency Account मा रकमान्तर गरी त्यस्तो खाताबाट दोस्रो बजारमा कारोबार गर्न सक्ने व्यवस्था मिलाउने । त्यस्तो खाता बचत खाताको रुपमा समेत खोल्न सक्ने र कारोबारपश्चात् त्यस्तो खातामा प्राप्त रकमलाई विप्रेषण गर्न नसक्ने व्यवस्था संरक्षक सदस्य बैंकले मिलाउने व्यवस्था गर्ने । Non-Repatriable Nepalese Currency Account प्रयोग गरी शेयर कारोबार गर्दा त्यसको लागि सदस्य बैंकले ग्राहकको अलग्गै कारोबार खाता तथा डिम्याट खाता खोलिदिने व्यवस्था हुनुपर्ने ।

६. ग्राहकले Repatriable Nepalese Currency Account बाट दोस्रो बजारमा कारोबार गर्दा संरक्षक सदस्य बैंकले सोको लागि ग्राहकको अलग्गै कारोबार खाता तथा डिम्याट खाता खोलिदिने व्यवस्था गर्ने । कारोबार पश्चात् प्रचलित कर तथा कमिशनहरु भुक्तान गरे पश्चात् धितोपत्र दलाले संरक्षक सदस्य बैंकमा रहेको Repatriable Nepalese Currency Account मा जम्मा गरिदिने व्यवस्था मिलाउने ।

७. ग्राहकले संरक्षक सदस्य बैंकसँग सम्झौता बमोजिम शुल्क भुक्तानी गरी तोकिएका सबै सेवा लिन सक्ने र ग्राहकको कारोबारको प्रतिवेदनको कार्य सदस्य बैंकले आवश्यकता तथा तोकिए अनुसार नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डलाई गराउने व्यवस्था मिलाउने ।

८. उपरोक्त बमोजिमको व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकसँग समेत समन्वय गरी नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्ड दुवैले जारी गर्ने परिपत्रहरुमा सामान्जस्यता कायम गर्ने ।

९. यदि गैर आवासीय नेपालीलाई दोस्रो बजारमा लगानीको सीमा कायम गरिएमा कुनै गैर आवासीयले उक्त सीमा भन्दा बढी लगानी गरेको वा सो सीमा नजिक पुग्न लागेको सजगताको जानकारी (Alert Notification) ग्राहकलाई नेप्सेको ट्रेड म्यानेजमेन्ट सिस्टम (Trade Management System) मार्फत् जारी हुने व्यवस्था मिलाउने । तोकिएको सीमाभन्दा बढीको कारोबार ट्रेड म्यानेजमेन्ट सिस्टम मार्फत् गर्न नमिल्ने व्यवस्था स्टक एक्सचेन्ज वा धितोपत्र दलाले स्फटवेयर मार्फत गर्ने ।

## अनूसूची-१

| क्र.सं | धितोपत्र बजार | क्र.सं | धितोपत्र दलाल व्यवसायी |
|---|---|---|---|
| १ | नेपाल स्टक एक्सचेन्ज लि. | १. | अग्रवाल सेक्युरिटिज प्रा. लि. |
| | **केन्द्रीय निक्षेप कम्पनी** | २. | प्रिमियर सेक्युरिटिज लि. |
| १ | सिडिएस एण्ड क्लियरिङ्ग लि. | ३. | सिप्ला सेक्युरिटिज प्रा. लि. |
| | **क्रेडिट रेटिङ्ग संस्था** | ४. | स्वेता सेक्युरिटिज प्रा. लि. |
| १. | इक्रा नेपाल लि. | ५. | थ्राइभ ब्रोकरेज हाउस प्रा. लि. |
| २. | केयर रेटिङ्ग नेपाल लि. | ६. | त्रिशुल सेक्युरिटिज प्रा. लि. |
| ३. | इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लि. | ७. | सिप्रवी सेक्युरिटिज प्रा. लि. |
| | **धितोपत्र व्यापारी** | ८. | प्रज्ञान सेक्युरिटिज प्रा. लि. |
| १ | नागरिक स्टक डिलर कम्पनी | ९. | कुमारी सेक्युरिटिज प्रा. लि. |
| | **मर्चेन्ट बैंकर** | १०. | मल्ल एण्ड मल्ल स्टक ब्रोकिङ्ग कं प्रा. लि. |
| १. | श्री नागरिक लगानी कोष | ११. | आशुतोष ब्रोकरेज एण्ड सेक्युरिटिज प्रा. लि. |
| २ | श्री ग्लोबल आईएमई क्यापिटल लि. | १२. | सगरमाथा सेक्युरिटिज प्रा. लि. |
| ३. | श्री सिभिल क्यापिटल मार्केट लि. | १३. | प्राइमो सेक्युरिटिज प्रा. लि. |
| ४. | श्री प्रभु क्यापिटल लि. | १४. | मार्केट सेक्युरिटिज एक्सचेन्ज कम्पनी लि. |
| ५. | श्री नविल ईन्भेष्टमेन्ट बैकिङ्गलि. | १५. | नेपाल इन्भेस्टमेन्ट एण्ड सेक्युरिटिज ट्रेडिङ्ग प्रा.लि. |
| ६. | श्री मुक्तिनाथ क्यापिटल लि. | १६. | स्टक ब्रोकर ओपेल सेक्युरिटिज ट्रेडिङ्ग प्रा. लि. |
| ७. | श्री एनएमबि क्यापिटल लि. | १७. | नेपाल स्टक हाउस प्रा. लि. |
| ८. | श्री सनराईज क्यापिटल लि. | १८. | अरुण सेक्युरिटिज प्रा. लि. |
| ९. | श्री लक्ष्मी क्यापिटल मार्केट लि. | १९. | श्रीकृष्ण सेक्यूरिटिज लि. |
| १०. | श्री एनआईबिएल एस क्यापिटल लि. | २०. | जे. एफ. सेक्यूरिटिज प्रा. लि. |
| ११. | श्री नेशनल मर्चेन्ट बैंकर लि. | २१. | एविसी सेक्यूरिटिज प्रा. लि. |
| १२. | श्री सिद्धार्थ क्यापिटल लि. | २२. | मिडास स्टक ब्रोकिङ्ग कम्पनी प्रा. लि. |
| १३. | श्री प्रोभिडेन्ट मर्चेन्ट बैंकर लि. | २३. | एशियन सेक्यूरिटिज प्रा. लि. |
| १४. | सिविआईएल क्यापिटल लि. | २४. | निभ सेक्यूरिटिज प्रा. लि. |
| १५. | सानिमा क्यापिटल लि. | २५. | सुमेरु सेक्यूरिटिज प्रा. लि. |
| १६. | बि. ओ. के. क्यापिटल मार्केट लि. | २६. | इम्पेरियल सेक्यूरिटिज प्रा. लि. |
| १७. | नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि. | २७. | कालिका सेक्यूरिटिज प्रा. लि. |
| १८. | एनआइसी एशिया क्यापिटल लि. | २८. | र्स्वणलक्ष्मी सेक्यूरिटिज प्रा. लि. |
| १९. | आरबिबि मर्चेन्ट बैंकिङ लि. | २९. | दक्षिणकाली इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा. लि. |
| २०. | आकाश क्यापिटल लि. | ३०. | दिपशिखा धितोपत्र कारोबार कम्पनी प्रा. लि. |
| २१. | वेल्थ म्यानेजमेन्ट एण्ड मर्चेन्ट बैंकिङ्ग लि. | ३१. | कोहिनुर इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा. लि. |
| २२. | आर्कस क्यापिटल एडभाइजर्स लि. | ३२. | डाइनामिक मनी मेनेजर्स सेक्यूरिटिज प्रा. लि. |
| २३. | के.सि.एल. अस्ट्यूट क्यापिटल लि. | ३३. | भिजन सेक्यूरिटिज प्रा. लि. |
| २४. | कुमारी क्यापिटल लि. | ३४. | सेक्युर्ड सेक्यूरिटिज लि. |
| २५. | नेपाल बङ्गलादेश क्यापिटल लि. | ३५. | सनी सेक्यूरिटिज क. लि. |
| | **विशिष्टीकृत लगानी कोष** | ३६. | साउथ एशियन बुल्स प्रा. लि. |
| १. | ग्लोबल ईक्युटी फण्ड | ३७. | लिन्च स्टक मार्केट लि. |
| २ | अवसर ईक्युटी लिमिटेड | ३८. | क्रिएटिभ सेक्युरिटिज प्रा. लि. |
| ३. | नविल ईन्भेष्टमेन्ट बैकिङ्ग लि. | ३९. | त्रिशक्ति सेक्यूरिटिज प्रा. लि. |
| ४. | एनआईबिएल एस क्यापिटल लि. | ४०. | क्रिष्टल कञ्चनजंगा सेक्यूरिटिज प्रा. लि. |
| ५. | प्रभु क्यापिटल लि. | ४१. | अनलाईन सेक्यूरिटिज प्रा. लि. |

| | | | |
|---|---|---|---|
| ६. | एनएमबि क्यापिटल लि. | ४२. | आर्यतारा इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा.लि. |
| ७. | लक्ष्मी क्यापिटल मार्केट लि. | ४३. | भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा. लि. |
| ८. | एनआइसी एशिया क्यापिटल लि | ४४. | इन्भेष्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रा. लि. |
| ९. | आध्यान्त फण्ड म्यानजमेन्ट लि | ४५. | अक्सफोर्ड सेक्यूरिटिज प्रा. लि. |
| १०. | अल्फा प्लस भेन्र्चस लि | ४६. | श्रीहरि सेक्युरिटिज प्रा. लि. |
| ११. | रिलायवल भेन्र्चस क्यापिटल लि | ४७. | सेवा सेक्युरिटिज प्रा. लि. |
| १२. | नेशनल फण्ड म्यानेजमेन्ट लि | ४८. | सुन्धारा सेक्युरिटिज प्रा. लि. |
| | **सामूहिक लगानी कोष** | ४९. | नासा सेक्युरिटिज कम्पनी लि. |
| १. | सिद्धार्थ म्युचुयल फण्ड | ५० | दिब्या सेक्युरिटिज एण्ड स्टक हाउस प्रा. लि. |
| २ | नविल म्युचुयल फण्ड | | |
| ३. | एनएमबि म्युचुयल फण्ड | | |
| ४. | ग्लोबल आइएमइ म्युचुयल फण्ड | | |
| ५. | एनआइविएल म्युचुयल फण्ड | | |
| ६. | लक्ष्मी म्युचुयल फण्ड | | |
| ७. | सानिमा म्युचुयल फण्ड | | |
| ८. | सिटिजन म्युचुयल फण्ड | | |
| ९. | एनआइसि एसिया बैंक म्युचुयल फण्ड | | |
| १०. | सिभिल म्युचुअल फण्ड | | |
| ११. | सनराइज म्युचुयल फण्ड | | |
| १२. | प्रभु म्युचुयल फण्ड | | |
| १३. | मेगा म्युचुयल फण्ड | | |
| १४. | कुमारी सामूहिक लगानी कोष | | |
| १५. | आरविवि म्युचुयल फण्ड | | |
| १६. | बिओके म्युचुयल फण्ड | | |
| १७. | हिमालयन म्युचुयल फण्ड | | |
| १८. | मुक्तिनाथ म्युचुयल फण्ड | | |